## प्रकाण्डको नेपाल दर्शन

काठमाडौं । विप्लव नेतृत्वको नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डलाई दक्षिणकालीबाट प्रहरीले पक्राउ गऱ्यो । त्यसको केही दिनमै सर्वोच्च अदालतले उनलाई थुनामुक्त गर्ने आदेश जारी गऱ्यो । न्यायाधीशद्वय सपना मल्ल प्रधान र टंकबहादुर मोक्तानको संयुक्त इजलासले दुईपल्ट प्रकाण्डलाई रिहा गर्न आदेश दियो । तर उनलाई रिहा हुनासाथ सरकारले पक्राउ गर्दै गयो । **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## १२८ मुलुकसँग व्यापारघाटा

काठमाडौं । आयात उच्च र निराशाजनक निर्यातले गत आर्थिक वर्ष १ सय २८ मुलुकहरुसँग व्यापारघाटा भएको छ । भन्सार विभागका अनुसार १ सय ५५ मुलुकसँग नेपालले आयात र निर्यात व्यापार गरेको थियो । यसमध्ये साढे ८५ प्रतिशत मुलुकहरुबाट नेपालले निर्यातभन्दा बढी आयात गरेको छ । आयातभन्दा निर्यात बढी भएका मुलुकहरु २८ मात्रै छन् । तर त्यस्तो निर्यात रकम भने निकै सानो अंकमा छ । सबैभन्दा बढी आयात र **बाँकी ८ पेजमा**

वर्ष ७ अंक २१, २०७५ साल भदौ २२ गते शुक्रबार, नेपाल संवत् ११३८ (Sept. 7, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# नेपालको परराष्ट्र र सुरक्षाको चाबी दिल्लीमा ?

काठमाडौं । बिमस्टेकको उद्देश्य गरिबी निवारण, प्रविधि आदानप्रदान र विदेशी लगानी अभिवृद्धि गरी सदस्य राष्ट्रबीच व्यापार विविधिकरण गर्नु हो । यस्तै इन्टरनेट, सडक र रेल सजालमार्फत् सदस्य राष्ट्रलाई एक आपसमा जोड्नु पनि अर्को उद्देश्य हो । यी सबै पक्षको सामुहिक विकास र उपभोगबाट सदस्य राष्ट्रका जनताको समुन्नति र समृद्धि प्रोत्साहित गर्नु बिमस्टेकको लक्ष्य हो । तर बिमस्टेकलाई क्षेत्रीय सैन्य संगठन बनाउने र दक्षिण एसियामा 'दादागिरी' देखाउने भारतीय रणनीतिका कारण बिमस्टेक गठनका उद्देश्य र लक्ष्य अलपत्र पर्ने सम्भावना बलशाली बन्दै गएको छ ।

गत अगस्ट ३० र ३१ तारिखमा काठमाडौंमा बिमस्टेकको चौथो शिखर सम्मेलन बडो तामझामका साथ सम्पन्न भयो । नेपाल बिमस्टेक र सार्क दुवैको अध्यक्ष राष्ट्र भए पनि 'सार्क' लाई 'कोमा' मा राख्ने भारतीय इच्छाविपरीत ओली सरकारले भारतकै दबाबमा सार्कलाई थाँती राखेर बिमस्टेक शिखर सम्मेलनको आयोजना गऱ्यो । जबकि सार्कको सचिवालय नेपालमा छ र नेपालकै विशेष पहलमा सार्कको जन्म भएको थियो । प्रसव पीडाको अनुभूति आमालाई मात्र थाहा हुन्छ ।

सार्क जन्माउन तत्कालीन राजा वीरेन्द्रले कति पापड बेल्नुपऱ्यो त्यसको अनुमान हाम्रा



प्रधानमन्त्री केपी ओलीले लगाउन नसक्नु दुर्भाग्यपूर्ण हो । भारतकै कारण पाकिस्तानको इस्लामावादमा सन् २०१६ को ९-१० नोभेम्बरमा हुनुपर्ने सार्कको १९ औं शिखर सम्मेलन हुन सकेको छैन । जम्मु, कास्मिरको उरी घटनापछि भारत र पाकिस्तानबीच बढेको दूरी अझै घटेको छैन । कस्मिरी जनताको मुक्ति आन्दोलनलाई भारतीय शासक वर्गले निर्ममतापूर्वक दबाउँदै आएको छ । सर्वविदित छ- कस्मिर भारतको भूभाग होइन ।

कस्मिर अलग स्वतन्त्र राज्य थियो । मुस्लिम बाहुल्य कास्मिरका हिन्दु राजा हरिसंहले मुस्लिम अतिवादीको सम्भावित खतराबाट बच्न भारतसँग सैन्य सहायता मागेका थिए । राजा हरिसिंहको गद्दी जोगाउन कस्मिर छिरेको भारतीय सेनाले अन्ततः कस्मिर छोडेन । हरिसिंहलाई कस्मिरको विदेश मामिला र सुरक्षा भारतलाई सुम्पिन बाधय पारियो । भारतले कस्मिरी राजतन्त्रको अस्तित्व नामेट गर्दै प्रिन्स करणसिंहलाई आफ्नो

नागरिक पो बनाइदियो । राजकुमार करणसिंह अहिले भारतीय राष्ट्रिय कांग्रेसका वरिष्ठ नेता छन् ।

नेपालमा ०६२।६३ को वसन्त आन्दोलन उत्कर्षमा पुगिरहेका बेला तत्कालीन भारतीय प्रधानमन्त्री मनमोहन सिंहका विशेष दूतका रुपमा सिंह काठमाडौं आएका थिए । उनले नेपालको परराष्ट्र र सुरक्षाको व्यवस्थापन भारतलाई गर्न दिइए राजतन्त्रले निरन्तरता पाउने नत्र राजतन्त्र समाप्त हुने व्यहोरा तत्कालीन राजा ज्ञानेन्द्रलाई सुनाएका थिए । तर राजा ज्ञानेन्द्रले बरु आफूले गद्दी छोड्ने तर राष्ट्र र जनताप्रति गद्दारी नगर्ने जवाफ फर्काइदिए । नभन्दै भारतले गिरिजा, माधव नेपाल र प्रचण्डलाई आफ्नो हितमा प्रयोग गर्दै संविधानसभाको पहिलो बैठकको पहिलो निर्णयमै नेपालको परम्परागत राजतन्त्रको अन्त्य गराउन सफलता पायो । नेपाली सेनाका तत्कालीन प्रधान सेनापति रुक्मांगद कटवाल भारतीय खुफिया एजेन्सी रअको एस मेन रहेको बुझेपछि राजा ज्ञानेन्द्र नारायणहिटी छोडेर चुपचाप नागार्जुन जंगलतिर लागेका थिए र देशमा सम्भावित ठूलो रक्तपात रोकिएको थियो ।

नेपालको परराष्ट्र र सुरक्षा आफूले व्यवस्थापन गर्न पाए नेपाललाई स्वर्ग बनाइदिने भनाइ भारतीय शासकहरुले राख्दै आएका छन् । ०४६ सालको जनआन्दोलनताका पनि राजा वीरेन्द्रलाई भारतले यही प्रस्ताव पठाएको थियो । वीरेन्द्रले पञ्चायती शासन विघटन गरिदिए तर भारतीय प्रस्ताव स्वीकार गरेनन् । भारतले अहिले पनि नेपाललाई भुटानको हैसियतमा राख्ने जमर्को गरिरहेकै छ । भारतीय जनता पार्टीका नेता भगतसिंह कोसियारीले त भनिसकेका छन्- 'भारत भुटान जस्तै नेपाल सुखी रहेको हेर्न चाहन्छ । भारत नेपाललाई आफ्नो सुरक्षा छाताभित्र कब्याउन चाहन्छ । यही रणनीतिअनुरुप भारतले माओवादीद्वन्द्व उठाउन हतियार र आर्थिक सहयोग गरेको राज खुलिसकेको छ । राष्ट्रियताको प्रतीक रहेको नेपालको राजतन्त्रको अवसान नै माओवादी युद्धको मुख्य एजेन्डा थियो । दिल्ली दरबारमा भारतको हित विपरीत काम नगर्ने बिन्तिपत्र हालेर प्रचण्ड र बाबुरामले कथित जनयुद्ध लडेका थिए । द्वन्द्वकालमै भारतको निर्देशनमा देशलाई प्लटिङ गर्दै प्रचण्ड बाबुरामले जातीय राज्यको आगो दन्काएका थिए । राजतन्त्र फाल्न गिरिजा र माधव नेपाल मन्जुर भएपछि प्रणव मुखर्जीको सक्रियतामा दिल्लीमा सात दल र माओवादीबीच १२ बुँदे सम्झौता सम्पन्न भयो र माओवादीहरुले शान्तिपूर्ण बहुदलीय राजनीतिक प्रतिस्पर्धामा छलाङ मारे । ०६३ को अन्तरिम संविधानमा संघीयता नसमेटिएपछि भारतीय गुप्तचर संस्था रअले उपेन्द्र यादवलाई प्रयोग गर्दै तराईमा बितन्डा **बाँकी ८ पेजमा**

## अपराधीले उठाए खुला सीमाको फाइदा

काठमाडौं । नेपाल भारतबीच खुला सिमाना परम्परागत ढंगबाट चल्दै आइरहेको छ । खुला सीमाका कारण विभिन्न खाले अपराध, चोरी, तस्करी बढ्ने त स्वाभाविकै भयो त्यसका अलावा छिमेकी भारतले खुला सीमाको फाइदा उठाउँदै नेपाली भूमि अतिक्रमण समेत गर्ने गरेको छ । यसै सन्दर्भमा 'स्वतन्त्र युवा प्रजातान्त्रिक संघ नेपालले राजधानीमा गत बुधबार 'खुला सीमा' अवसर र चुनौती विषयक विचारगोष्ठी आयोजना गऱ्यो । उक्त गोष्ठीमा मन्तव्य राख्दै भारतका लागि पूर्व राजदूत दीपकुमार उपाध्यायले खुला सीमाका कारण भारतीय अपराधीले समेत नेपाली नागरिकता बनाएर अपराधिक गतिविधिमा लाग्ने गरेको बताए । उनले ९९ प्रतिशत भारतका अपराधीसँग नेपाली नागरिकता भएको दाबी गरे । त्यस्ता भारतीय अपराधीहरु भारतमा नेपाली नागरिकता देखाएर उम्कने गरेको बताए । उपाध्यायले नेपाली पक्षले भारतीयसँग स्पष्टसँग कुरा राख्न नसक्दा भारतीयहरुले सीमा क्षेत्रमा अन्तर्राष्ट्रिय मान्यता विपरीत बाँध लगायतका संरचना निर्माण गरेको बताए । अवैध रुपमा बनेका बाँध सडकबारे आफू राजदूत भएको बेला भारतसँग कुरा राखेको उपाध्यायले बताए । **बाँकी ८ पेजमा**

## प्रदेश ७ मा यस्तो भयो मालेको संकल्प अभियान

काठमाडौं । ७ नं प्रदेश इन्चार्ज सुरेन्द्र ढकालको नेतृत्व, प्रदेश प्रशिक्षक ओम अर्यालको प्रशिक्षण तथा प्रदेश सचिव परेक रावलको सकृयतामा गत भाद्र १६ र १७ गते कैलालीको सुखड तथा साडेपानीमा नेकपा मालेको संकल्प अभियान विविध कार्यक्रमबीच सम्पन्न भएको छ । सत्तारुढ नेकपा छाडी मालेमा समाहित हुन आउनुभएका मोतिलाल विक र पहिले माले छोडेर सत्तारुढ नेकपा प्रवेश गरी पुनः मालेमा नै फर्कनुभएका बलबहादुर विकलाई औपचारिक रुपमा पार्टीमा स्वागत गरी १६ गते शनिबार बिहान ११ बजे सुरु भएको अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रमको अगुवाई गर्दै इन्चार्ज ढकालले राष्ट्रवाद, जनजीविका र सुशासन जस्ता सबै कुरामा सत्तारुढ नेकपा चुकिसकेको हुँदा यिनीहरुको पतन छिट्टै हुने बताउनुभयो । जनता सिटामोल खान नपाएर मर्ने तर प्रधानमन्त्री ओलीको



स्वास्थ्य उपचारको लागि राज्यले करोडौं खर्च गर्नुपर्ने आवश्यकता के हो भनी प्रश्न राख्दै आफूलाई अब्बल दर्जाको राष्ट्रवादी भनी **बाँकी ८ पेजमा**

समय-सन्दर्भ

बीबीसीको सहयोगमा

## भारतले यसरी गऱ्यो सिक्किम कब्जा–२

अन्ततः होप कुकले सिक्किम छाडेर अमेरिका फिर्ता जाने निर्णय लिइन् । चोग्यालले उनलाई मुस्किलको त्यो वेलामा साथ दिन निकै अनुरोध गरेका थिए । तर, उनले मानिनन् र अमेरिका गइन् । उनलाई बिदा गर्न दास गएका थिए । उनले जाने वेलामा भनेको कुरा सम्झिँदै दास भन्छन, 'मिस्टर दास, मेरो पतिको ख्याल राख्नुहोला, अब यहाँ मेरो कुनै भूमिका छैन ।' दासले राजदरबारका कैयौँ बहुमूल्य कलाकृति र चित्र लुकाएर होपले अमेरिका पुर्याएको जानकारी पाउँदा आफूलाई एकदमै दुःख लागेको बताएका छन् ।

दास भन्छन, '८ मेमा भएको सम्झौतामा हस्ताक्षर गरेर पनि चोग्यालले कहिल्यै मनभित्रैबाट त्यसलाई स्वीकार गरेनन् । सिक्किम बचाउनका लागि उनले देश बाहिरका कैयौँ मानिसहरूबाट मद्दत मागेका थिए । उनले एक जना महिला वकिललाई यो सम्झौता गलत हो भनेर वकालत गर्ने जिम्मेवारी नै दिएका थिए ।' तर, उनको प्रयास सफल भएन । निर्वाचनको घोषणा भएपछि चोग्यालले दक्षिण सिक्किमको यात्रा गर्ने इच्छा जाहेर गरे ।

चोग्यालसँग विदेशसचिव केवल सिंह र भारतले सिक्किम कब्जा



गरेपछि काजी लेण्डुप दोर्जे दासले उनलाई त्यसो नगर्न सुझाव दिएका थिए । पहिला जब उनी ती क्षेत्रहरूमा जाने गर्दथे त्यहाँ उनको स्वागतका लागि सडकमा लामबद्ध भएर धेरै मानिसहरू बस्ने गर्दथे । तर, त्यो भ्रमणमा उनलाई पहिलोको जस्तो सम्मान गरेनन् । निर्वाचनमा चोग्यालले समर्थन गरेको नेस्नलिस्ट पार्टीले ३२ वटामध्ये एउटा मात्रै सिट जित्यो । जति पनि नयाँ सदस्यहरूले चुनाव जिते उनीहरूले चोग्यालको नाममा शपथ नलिने र उनी संसद्मा आए संसद्को कारबाहीमा भाग नलिने चेतावनी दिए ।

उनी भन्छन्, 'त्यसपछि चोग्यालले आफ्नो विरोध लेखेर पठाउने र मैले त्यो सबैको अगाडि पढेर सुनाइदिने अनि सिक्किमको नाममा शपथ लिने कुरा तय भयो ।' यसैबीचमा नेपालमा राजाको राज्याभिषेकमा राजकीय अतिथिका रूपमा चोग्याल काठमाडौं आए । उनले पाकिस्तानी राजदूत र चीनका उपप्रधानमन्त्री चिन सी लिउसँग भेटवार्ता गरे र आफ्ना अप्ठेराहरू फुकाउन मद्दत मागे । बिएस दासले उनलाई एउटा लिखित दस्तावेज दिएका थिए जसमा बाहिरी समर्थन जुटाउन नलाग्न भनिएको थियो । तपाईंको राजवंशले निरन्तरता पाउनेछ, तपाईंका छोरा उत्तराधिकारी बन्नेछन् । तर, त्यसका लागि तपाईंले आफू संरक्षित रहेको स्वीकार गर्नुपर्नेछ र ८ मेमा भएको सम्झौता मान्नुपर्नेछ ।'

उनले पदका लागि अडान छाडेनन् । चोग्यालको जवाफ थियो, 'मेरो देश स्वतन्त्र देश हो र यसलाई म छाड्दिनँ ।' सन् १९७४ को जुन ३० मा चोग्यालले इन्दिरा गान्धीलाई आफ्नो पक्षमा उभ्याउने प्रयास गरेका थिए । त्यसवेला इन्दिरा गान्धीका सचिव रहेका पिएन धरले आफ्नो पुस्तक 'इन्दिरा गान्धी र द एमरजेन्सी एन्ड इन्डियन डोमोक्रेसी' मा उक्त भेटवार्ताको प्रसँग समेटेका छन् । उनले लेखेका छन, 'जसरी चोग्यालले आफ्नो मुद्दा इन्दिरा गान्धीसमक्ष राखे त्यसबाट म एकदमै प्रभावित भएँ, उनले भनेका थिए भारतले सिक्किममा जो नेताहरूलाई **बाँकी ८ पेजमा**

## ढकाल प्रतिष्ठानद्वारा सहयोग



काठमाडौं । भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं ७ कटुन्जेमा जुत्ता व्यवसाय संचालन गर्ने सन्दर्भमा सुरेन्द्र ढकाल प्रतिष्ठानले जुत्ता उत्पादक आनन्द अच्छामी रु ५०,००० /- को निर्ब्याजी सापटी प्रदान गरेको छ । नेकपा माले जिल्ला कमिटी भक्तपुरको सिफारिसमा सो रकम उपलब्ध गराइएको हो । उक्त कमिटीले व्यवसाय राम्ररी चले नचलेको अनुगमन पनि गर्ने छ । नेकपा माले जिल्ला कमिटी सचिव **बाँकी ८ पेजमा**

## दशगजा मिचेर चेकपोस्ट

काठमाडौं । धनुषाको जटही नाकासँग जोडिएको दशगजा क्षेत्रमा भारतीय पक्षले चेकपोस्ट निर्माण थालेको छ । नगराइनस्थित सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बीओपी) ले पटक पटक अनुरोध गरे पनि नटेरी भारतीय पक्षले अटेरी गरेको छ ।

बीओपीमा कार्यरत सशस्त्र प्रहरी निरीक्षक जगदीशप्रसाद थारु नेतृत्वको सुरक्षा टोलीले चेकपोस्टको निर्माण रोक्न आग्रह गर्दा सीमा सुरक्षाबल (एसएसबी) परिचालन गरी भारतीय पक्षले निर्माणलाई तीव्रता दिएको छ । सीमा शुल्क चौकीले जमुनी नदीको दक्षिणतर्फ सीमा स्तम्भ २८४/३५ र एसपी ५१ को

बीचको दशगजामा चेकपोस्ट निर्माण गरिरहेको हो । अन्तर्राष्ट्रिय सीमा कानुन लत्याउँदै भारतीय अधिकारीले जबर्जस्ती भन्सार चेकपोस्ट बनाउन थालेपछि दुवै देशका सुरक्षा अधिकारीका बीचमा मनमुटाव बढेको छ ।

भारतीय अधिकारीले सशस्त्र प्रहरी निरीक्षक थारुलाई नेपालको उपल्लो निकायबाट पत्र प्राप्त नभएसम्म निर्माण नरोकिने बताउँदै अवरोध नगर्न चेतावनी दिएका छन् । नगराइनस्थित सशस्त्र प्रहरी निरीक्षक थारुले भारतीय पक्षले जेठ १५ गतेदेखि निर्माण थालेको बताएका छन् । दशगजामा कुनै पनि संरचना बनाउन नपाइने जानकारी गराए पनि भारतीय पक्षले टेरेको छैन ।

भारतीय अधिकारीले चेकपोस्ट निर्माण भइरहेको स्थल विहार सरकारको अधिनमा भएको दाबी गरेका छन् । सीमा शुल्क अधिक्षकको कार्यालय स्थल सीमा शल्क चौकी पिपरौनका प्रमुख मोहम्मद नुरले दशगजामा नभएर भारतीय भूमिमै चेकपोस्ट निर्माण भइरहेको बताएका छन् । अमिनले गरेको नापीअनुसार दशगजाको छेउमा भारतीय पक्षबाट चोकपोस्ट निर्माण भइरहेको छ- उनी भन्छन् । नेपाली पक्षलाई नाचजाँच गर्न पटक पटक अमिन बोलाएको उनी बताउँछन् । फिल्ड सर्बेका लागि टोली पठाएर नापी विभागले आफ्नो भूभाग सुरक्षित गर्नुपर्ने होइन र ?




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बढ्दो महिला हिंसाले निम्त्याएको चुनौती

कञ्चनपुरमा बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तका हत्यारा पत्ता लगाई कानुनी कठघरामा उभ्याउन प्रहरीलाई ठूलो चुनौतीको विषय बनेको छ । उक्त हत्या काण्डको अनुसन्धानमा लापर्बाही भएपछि कञ्चनपुरका प्रहरी प्रमुख निलम्बनमा परे भने नयाँ टिमले अनुसन्धान अगाडि बढाइरहेको छ । अनुसन्धानका क्रममा प्रहरीबाट केही निर्दोष व्यक्तिले यातना र मानसिक तनावसमेत झेल्नु परेका घटना बाहिरिएका छन् । कञ्चनपुरको घटनाको अनुसन्धानको प्रक्रिया चलिरहेकै समयमा मुलुकभर विभिन्न जिल्लामा बलात्कारका घटना घटिरहेका छन् । नौ महिने बालिकादेखि ७५ वर्षीय वृद्धसम्म हिंसाका सिकार भएका घटनाले मुलुकको प्रशासनयन्त्रलाई नै अपराधीहरूले चुनौती दिइरहेका छन् ।

नेपाल प्रहरीले आफूलाई दक्षिण एसियाकै अब्बल दाबी गर्दै आएको छ । कतिपय अनुसन्धानमा प्रहरीले उत्कृष्टताको परिचय पनि दिएको छ भने कतिपय अनुसन्धान र प्रहरी कारबाहीहरू विवादमा समेत पर्ने गरेका छन् । केही समयअघिको चर्चित सुनकाण्डमा उच्च प्रहरी अधिकृतहरू समेत संलग्न रहेको तथ्यले प्रहरीको छवि धूमिल बनाएको छ भने ठिमीमा भएको बालक अपहरणपछिको हत्या काण्डका दोषीमाथि गरिएको इन्काउन्टरले पनि प्रहरीमाथि प्रश्न उठाएको थियो । अहिले मुलुकभर बढिरहेका बलात्कार, महिला हिंसाका अपराधीहरूलाई छिटोछरितो ढंगले पक्राउ गरी पीडितलाई न्याय दिलाउने काममा प्रहरीले अग्रसरता देखाउने बेला आएको छ । अपराधीहरू जस्तासुकै पृष्ठभूमिका भए तापनि उनीहरूले गरेको कुकृत्यको आधारमा समान दण्डका भागी बनिनुपर्छ । राजनीतिक संरक्षण, विभिन्न खाले दबाबबाट प्रहरी मुक्त भएर आफ्नो जिम्मेवारी पूरा गर्ने काममा लाग्नुपर्छ । प्रहरीमाथिको जनविश्वास बलियो बनाएर जनतालाई न्याय र सुरक्षा दिने काममा प्रहरीले विशेष भूमिका निर्वाह गर्नुपर्छ । प्रहरी प्रशासन बलियो, निष्पक्ष र सक्षम भएको खण्डमा अपराधीहरूको मनोबल कमजोर भएर अपराध कर्ममा पनि ह्रास आउनेछ ।

महिलामाथि यौनजन्य हिंसाका अतिरिक्त विभिन्न खाले हिंसा हुने गरेका छन् । बोक्सीको आरोपमा कतिपय निरीह खालका दिदीबहिनीहरूले अत्यन्तै अमानवीय व्यवहार झेल्नु परेका घटना देख्न र सुन्न सकिन्छ । तराई, मधेसको दाइजो प्रथाले पीडित हुने महिलाको संख्या पनि ठूलो छ । दाइजोका कारण आगो लगाएर जिउँदै जलाएर मार्नेसम्मका घटनादेखि लिएर छाउगोठमा सर्पको डसाइबाट समेत महिलाले ज्यान गुमाउनु परेका घटनाले एउटा सभ्य समाज निर्माणको अभियानमा नराम्ररी ठेस पुर्‍याउँछ ।

नेपाली महिला दिदीबहिनीले स्वदेशमा मात्र नभएर विदेशमा समेत हिंसा झेल्नु परिरहेको छ । मुलुकभित्र बढ्दो बेरोजगारी समस्याले पुरूषहरू सरह महिला पनि विश्वका विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा पुगेका छन् । यसरी घरेलु श्रमिकका रूपमा गएका महिलाहरूमाथि विभिन्न खाले शारीरिक तथा मानसिक हिंसा हुने गरेका छन् । कतिपय महिलाले विदेशी भूमिमा नै ज्यान समेत गुमाएका छन् भने मानसिक रोगी बन्ने, आत्महत्या गर्ने जस्ता समस्याहरू बढिरहेका छन् । वैदेशिक रोजगारीको बहानामा विभिन्न ठाउँमा पुर्‍याएर मानव तस्करहरूले अलपत्र पार्ने काम समेत गरेका छन् ।

महिलामाथि हुने सबै खाले हिंसा, शोषण, उत्पीडनको अन्त्य हुन नितान्त आवश्यक छ । संविधान र ऐन कानुनले महिलालाई समान हक अधिकार प्रदान गरे तापनि सामाजिक विभेदहरू अझै विद्यमान रहेका छन् भने मानिसको दृष्टिकोणमा समेत परिवर्तन हुन सकेको छैन । जसरी एउटा पुरूष निष्फिक्री रूपमा बिना कुनै डर त्रास घुमफिर गर्न सक्छ, त्यसरी नै एउटी महिलाले पनि सुरक्षित रूपमा घुमफिर गर्न सक्ने सामाजिक वातावरण निर्माण गर्न जरूरी छ । एक्ली महिलाको पर्खाइमा बसेका ब्वाँसारूपी मानवहरूको मनमा राज्य, प्रशासन र समाजको त्रास हुन आवश्यक छ । आफ्नै घरपरिवार, छरछिमेक, साथीभाइहरूबाट बलात्कारजन्य घटना बढी घट्ने हुनाले बालिकाहरूलाई घरपरिवार र विद्यालयमा समेत महिला हिंसाबारे उमेर अनुसारको शिक्षा दिएर होसियार बनाउन आवश्यक छ । महिला हिंसामा संलग्नहरूलाई मेलमिलाप र आर्थिक लेनदेनको बहानामा उम्किन नदिई कडा कानुनी कारबाहीको दायरामा ल्याउन सकेमा मात्र हिंसामा कमी आउनेछ । अन्यथा महिला हिंसाले निम्त्याएको गम्भीर चुनौतीबाट पार पाउन गाह्रो हुनेछ ।

# के प्राचीन रेशम मार्गभित्र नेपाल पनि पर्दथ्यो ?


**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)



खासमा भन्नु पर्दा प्राचीन रेशम मार्गले चीनलाई केन्द्रीय एसियाली देशहरु हुँदै युरोपसम्म जोडेको थियो । तर यसका शाखा प्रशाखा बैकल्पिक मार्गहरु पनि थिए जसले चीनलाई अन्य एसियाली देशहरुसँग जोड्थ्यो । त्यस्तै रेशम मार्गको एक शाखा मार्गले चीनको सिआनलाई बर्मा हुँदै दक्षिणी चीनलाई जोडेको रहेछ भने अर्को मार्गले चीनलाई भारतको तत्कालिन पाटलीपुत्र र हालको पटनासम्म जोडेको रहेछ र त्यसभित्र तत्कालिन काठमाडौं उपत्यका पनि परेको तथ्य खुल्न आएको छ ।

चिनिया परम्पराअनुसार रेशम संसारकै सबैभन्दा पुरानो लुगा बनाउने धागोको रुपमा विकसित भई चीनबाटै संसारभरी फैलिने क्रममा रेशममार्गको विकास भएको मानिएको छ । यसको विकाशक्रम हेर्ने हो भने इशापूर्व २७०० देखि नै यस्ता मार्गहरु प्रचलनमा रहेको देखिन्छ । रेशमको कोकुनबाट रेसा निकाली लुगा बनाउने प्रविधि चिनियाहरुलाई मात्र थाहा भएको कारण प्राचीन युगमा रेशम र चिनिया सभ्यता एक अर्काको परिपुरक रहेछन् ।

इशापछि तेस्रो शताब्दिसम्म रेशम उत्पादन र प्रशोधनमा चिनिया एकाधिकार रहेको र पछि जापान र भारतले यो प्रविधि आफ्नो देशमा भित्र्याएको तथ्यलाई मान्दा चीन र भारतीय उपमहाद्विप बीचको रेशम व्यापार गर्ने मार्ग काठमाडौं उपत्यका हुँदै दक्षिणतर्फ गएको स्वत पुष्टि हुन्छ । स्नेल ग्रोभले गरेको खोजलाई आधार मान्ने हो भने सन् ६४७ जुन बेला नरेन्द्रदेव नेपालका राजा र हर्षवर्धन भारतका राजा थिए त्यतिखेरै भारतबाट काठमाडौं हुँदै केन्द्रीय तिब्बत र केन्द्रीय एसियाली देश पुग्ने पैदल बाटो रहेको तथ्य तत्कालिन नक्साहरुले देखाउँछन् ।








अल्पसंख्यक जातिहरुको अध्ययन अनुसन्धान गर्ने चीनको केन्द्रीय विश्वविद्यालयका तिब्बती अध्ययनका चिनिया प्राध्यापक वाङ याओका अनुसार चीनको सि लिंगबाट रेशम मार्गको एक शाखा छुट्टिएर ल्हासा हुँदै सिगात्से आइपुगेको त्यहाँबाट त्यो रेशममार्ग दुई भागमा विभाजन भई एउटा केरुङ हुँदै काठमाण्डौ पुगेको र अर्को न्यालुम हुँदै तिब्बत पुगेको देखाइएको छ । त्यो नक्सामा काठमाडौंलाई तिब्बती भाषामा यांग्वु (सानो गाउँ) भनिएको र ताङ वंशले चीनमा शासन गर्दा सन् ६१८ देखि ९०७ सम्म ७, ८ जना व्यपारीहरुले नियमित रुपमा यही बाटोबाट चीन भारतबीच रेशमको व्यापार गरेको कुरा उल्लेख छ ।

नेपालमा लिच्छवी शासन रहँदा यही बाटोबाट नेपालको केन्द्रीय एसियाली देशहरुसँग व्यापारिक र सांस्कृतिक आदानप्रदान भएको देखिन्छ । सत्रौं शताब्दिमा जब रोमबाट भारतको पिण्डेचरी हुँदै यही मार्ग अवलम्वन




गरी क्रिश्चियन धर्म प्रचारको उद्देश्य लिई काठमाडौं हुँदै ल्हासा पुगेका केपुचीन पदारीहरुले प्रस्तुत गरेको नक्साले पनि यस कुरालाई प्रमाणित गर्दछ । नेपालकै लिच्छवीकालीन इतिहास पढ्ने हो भने अंशुवर्माले आफ्नी छोरीको विवाह तिब्बती राजा स्रङ चन गम्पोसँग गरिदिएर त्यही मार्ग तिब्बत पठाएको र पछि त्यही बाटो नेपाली वास्तुकार अरनिको तिब्बत हुँदै चीन पुगी ब्हाइट पेगोडा बनाएको इतिहास साक्षी छ ।

चीनका वादशाहलाई कोशेली लैजानै परम्परा मल्लकालदेखि शुरु भई नेपालको एकीकरण भएपश्चात पनि कायम रहेको थियो । यी सबै तथ्य र नक्साहरुको अध्ययन गर्दा नेपाल उपत्यकाको सम्बन्ध भारत र चीनसँग समदुरीको आधारमा भई यसै मार्गबाट नियमित व्यापारिक सम्पर्क भएकै कारण नेपाल उपत्यकाका तीन राज्य कान्तिपुर, भक्तपुर र ललितपुरको विकाश सत्रौं शताब्दिमा नै युरोपेली देशहरुको विकासको हाराहारीमा पुगेको केपुचीन पादरीहरुले रोमको पोपहरुलाई लेखेको पत्रहरुमा स्पष्टै पढ्न पाइन्छ ।

# स्वर्गीय योगी नरहरिनाथको गुण सम्झनैपर्छ



**जगदीश लामिछाने**
रौतहट, पौराई


नेपालका माओवादी बाबुराम भट्टराई र पुष्पकमल दाहाललाई आफ्नै माओवादी महिला छापामारको अमेरिकनले लिएको अन्तर्वार्ताको आधारमा अमेरिकामा छापिएर १७००० नेपाली माओवादी युद्धका कारणले मरेकोमा कुनै पश्चात्ताप गर्ने फुर्सदै छैन । बाबुराम आफैंले नयाँ शक्ति दल खडा गरेकोमा मख्ख होलान्, पुष्पकमल दाहाललाई केपी ओलीसँग मिलेर कम्युनिस्ट पार्टी बनाइ सुरक्षित भएँ भन्ने होला । अहिलेका गृहमन्त्री रामबहादुर थापा बादल र वरिष्ठ नेता माधवकुमार मेरै गुट पुगेनन् । धेरै चाहियो भन्दा हुन्, पूर्वराजा ज्ञानेन्द्र म व्यापारी हुँ भन्नेमै होलान्, पशुपतिशमशेर आफ्नै बाबु विजयशमशेरको योगदान बिर्सेर राप्रपा छुट्टै दल खोल्दा हुन् । प्रधानमन्त्री केपी ओली त्यसै मख्ख पर्ने नै भए । कमल थापा पनि मेरो योगदान छ भन्ने नै भए । राप्रपा अध्यक्ष नै छँदैछन् । नेपाली कांग्रेस आफ्नै भुमरीमै फसेकै छ ।

यो देश नेपालको अवस्था भने उहिल्यैदेखि संवेदनशील थियो । अहिलेसम्म पनि संवेदनशील नै छ । उत्तरी चीनले यो सबै बुझेर पनि नबुझेझैं गरी पर्ख र हेरमै नेपालको बहुमूल्य २५० वर्ष बिताइदियो । भारत नेपाललाई आफूमै गाभ्न खोज्छ नेता स्वार्थमुखी नै हुन् । हाम्रो एउटै मान्छे यो संवेदनशीलता बुझ्ने थिए । ती श्री ५ पृथ्वीनारायण हुन् । उनले नै सिन्धुली जिल्लामा अंग्रेजै मात्र १६०० फौज मारेर काठमाडौं जित्न दिएनन् । यसपछि मात्र १८२५ वि.सं.मा इन्द्रजात्राको दिन काठमाडौं लिए । इ.सं. १८१४-१६ को अंग्रेजको दोस्रो नेपाल लिने प्रयासमा मेचीपूर्व महाकाली पश्चिम गंगा उत्तर गोरखापुर आदि आफूमा अंग्रेजले गाभ्यो । यो कमजोरी नेपालकै श्री ५ रणबहादुर तथा मुख्तियार भीमसेन थापाको पूर्व बेहोसीले अंग्रेजलाई नेपालको चियोचर्चा सुविधा दिनाले नै हो । त्यसबखत यिनै दुई प्रमुख नेता हुन् ।

हुन त श्री ३ जंगबहादुरको प्रति योगदान छ । तर मुख्य योगदान जातिगत उत्थान गर्ने नालापानी युद्धका अमर महिला पुरुष योद्धाहरु नै हुन् । यिनले अंग्रेजकै हातबाट त्यसै बखत बहादुर गोरक्ष नाम पाए । गोर्खाली वीर सबैलाई गराए । नालापानीमा शिलापत्र नै लेखाए । भारतीय नेपाली नै अलमलिएर दुःख पाए ।

शीर्षकमै केन्द्रित भएर कुरा गरौं । मूल विषयतर्फ फर्कंदा वि.सं. २००७ ताका नेपाली शक्तिमा भएको नेपाली कांग्रेसमै कुरा ठोकिन्छ । श्री ५ महेन्द्रको शक्ति त कांग्रेस कम्युनिस्टको तालिममै बित्यो । विश्व परिवेशमा नेपाल चिनाउनमै बित्यो । देखावटी कुरामा सार छैन ।

त्यसो भए नेपाल सदैव दुःखी नै हुने त ? अर्काले गरिदिएर हुने भए श्री ३ जुद्धशमशेरलाई एकपटक दिल्लीमै डाकेर अंग्रेजले भन्यो फेरि अंग्रेज सेनापति पठाउँदा उहिल्यै पूर्व बंगाल समसुद्दिनले काठमाडौं हमला गरी ७ दिनमा लखेटेको क्षेत्रको समुद्र लेउ भन्थ्यो त ? बरु तिम्रै पृथ्वीनारायणले जितेको टिस्टा र ब्रह्मपुत्र संगम लेउ भन्दो हो । अथवा १९४७ इ.सं.मा यो क्षेत्र बोलाएरै दिँदो हो । पद्मशमशेरले कोसिस त गरे गान्धीसम्म तुल्सीमेयर पठाए । आफैं लखेटिए बुद्धि पुगेन भन्दैमा नेपाली कांग्रेस चुप लाग्नु हुन्थ्यो त ? नेपाल र भारत एउटै हो भनी विश्वेश्वरले १९४८ मा भारतीय संसदमा भन्नुहुन्थ्यो त ? उनै विश्वेश्वर २०१६ वि.सं. मा राष्ट्रवादी भए । त्यो श्री ५ महेन्द्रकै तालिमको फल हो भन्ने हामीले भन्न सक्नुपर्छ । तैपनि अंग्रेजले १९४७



मै पनि रोकेको छैन कानुनी अधिकार दिएकै छ । १९५० को सन्धि नै छ खोई बोलेका शेरबहादुर सभापति अथवा वरिष्ठ नेताहरु टिस्टा काँगडा हाम्रै हो भने त ? बरु सत्तामा नभएका एउटा अन्धा लेखक इतिहास शिरोमणि बाबुराम आचार्य आफ्नै घर गौचरन नजिकै गोरखनाथका महन्त योगी नरहरिनाथलाई भनिरहे । वि.सं. २०२९ फागुनमा दिवंगत पनि भए ।

तर नेपाली कांग्रेसकै मार्सल जुलुस शाक्यले २०५३-१२-९ मा समाचारपत्रमार्फत योगी नरहरिनाथको सर्वोच्च अदालतमा रिट परेपछि फणीन्द्र नेपालको सर्वोच्च अदालतमा अर्को रिट परेपछि टिस्टा काँगडा हाम्रै हो भनी समर्थन गर्नुभयो । त्यो पर्याप्त भएन र आज २०७५ सम्म काँचै छ । उसैबखत २०५४-४-९ मा दिव्य चक्षुमा यो लेखकले आफ्नो स्तम्भ लेख (विद्रोही स्वर) मार्फत धन्यवाद दिएकै छ ।

हाम्रा कम्युनिस्ट तर्फका कथा पनि यस्तै छन् । विश्व एउटै हो भन्दाभन्दै टिस्टा काँगडा बेचिसके भन्न पनि बेर लगाउँदैनन् । नेपाली राजा ज्ञानेन्द्रलाई सत्ता साझेदारी गरौं भन्ने भारतीय प्रधानमन्त्री मनमोहन सिंह राजा ज्ञानेन्द्रले नेपालको नागरिकतामा कडाइ गरेको देखेर रिसाएकै हुन् । १९५० इ.सं. को सन्धिमा भित्रभित्रै धेरै नेपाली दबाब परेरै मात्र विचार गर्न भनेका हुन् । त्यो पनि आकाश मार्गमा नागरिकता खोज्ने चलन चलाउन नेपाल सफल भएरै मात्र हो । केपी ओली प्रम भएकै बखत परराष्ट्र मन्त्री कमल थापामार्फत डा. भेषबहादुरको संयोजकत्वमा ४ जना नेपाली प्रबुद्ध खटाएपछि मात्र भारतले आफ्ना ४ जना पनि खटायो । यसै कारण हामीले मुक्त कण्ठले योगी नरहरिनाथको कानुनी अधिकारले टिस्टा काँगडा हाम्रै हो भन्ने रिटको लागि स्वर्गीय नरहरिनाथलाई धन्यवाद दिउँ साथै अर्का उसै समयमा रिट पेश गर्ने फणिन्द्र नेपाललाई धन्यवाद दिन नबिर्सौं । त्यसभन्दा पहिलेदेखि लेखिरहने २०४७ कै सुरेन्द्रप्रसाद ढकाललाई पनि धन्यवाद दिनैपर्छ किनभने यो स्तम्भ लेख नं. २०५ पनि उहाँकै ग्रेटर नेपाल सरकारी स्वीकृत साप्ताहिक नियमित पत्रिकामा प्रकाशित तपाईं आफैं पढ्दै हुनुहुन्छ । अब सबै दलले नेपाली मात्रले हाम्रो टिस्टा काँगडा इ.सं. १८१४-१६ मा अंग्रेजले लिई छोडी गएको हाम्रै हो भन्ने गरौं ।

एउटा कुरा हाम्रा प्रधानमन्त्री खड्गप्रसाद ओलीलाई चौतर्फी हमला छ । देशभर छोरी अपहेलित भएरै आमाको मात्र नाममा नागरिकता मागिएको हो । बलात्कार बढेको हो । नेपाली जन्मसिद्ध नागरिकता लिएर धेरै भारतैमा बसेका छन् । कतिले आफ्ना विशाल परिवार मौका पाउनासाथ नेपाल ल्याउला भनी मौका ढुकेर बसेका छन् । कति नेपाली हित विरोधी नाकाबन्दी गर्न भारतीय सांसदकै घर जान्छन् । विदेशबाट नेपाल आए भन्दैमा ३।४ पुस्ता उतै बसेका बर्मेली भुटानी किन नेपालमा बस्न दिने भन्ने कुरा राम्ररी विचार गरौं । कम्युनिस्ट होइन, केपी ओली प्रजातन्त्रवादी हो भन्न पाऔं । स्वतन्त्र न्यायपालिका पुनरुद्धार नगरी भएको छैन । यत्ति आशा गर्नै परेको छ ।

# मैले देखेको बैसठ्ठीऔं विश्व सम्पदा :
# स्विडनको खुला आकास म्युजियम सोडोरटाल्ली

सुरेन्द्र ढकाल



म्युजियमभित्र प्राचीन भेषभूषामा काम गरिरहेको अवस्था




म्युजियमभित्र राखिएको प्राचीन घरको भित्री भाग



म्युजियमभित्र राखिएको पुरानो बिमान



म्युजियमभित्र रहेको पुरानो छाप्ने मेसिन



म्युजियमभित्र राखिएको पुरानो काठको पानीजहाज



म्युजियमभित्र संरक्षण गरिएको पुरानो गाईबाखाको गोठ



म्युजियमभित्रको पुरानो हावाले चल्ने घट्ट



म्युजियमभित्र ग्रामीण तरिकाले रोटी बनाइरहेको अवस्था

डोर्ट्र्टनिंगहोल्म राजदरबार र त्यसको बगैंचा हेरी सक्दा बेलुकाको ७ बजेको थियो । घाम टन्टलापुर नै थियो । बिहान आन्नाले छोडेको ठाउँ स्टकहोमको केन्द्रीय ट्रामस्टेसनमा आएर मैले उनलाई कुरेको केही समयमा नै उनी आइपुगिन् । हामी ट्राम चढेर घरतर्फ लाग्यौं ।

हामी दुईको सहमतिअनुसार आज मैलै नेपाली दाल भात तरकारी पकाउने भन्ने थियो । त्यसअनुरुप सुपर मार्केटमा गएर हामीले चामल, दाल तरकारी, बेसार, जिरा अनि धनियाको धुलो, लसुन प्याज किन्यौ ।

घर पुग्नासाथ म खाना बनाउनतर्फ लागें । आन्ना भने मैलै कसरी खाना बनाउँदो रहेछ भनेर हेर्न थालिन् । एक घण्टामा नै मैलै खाना बनाएँ, हामी मिलेर खायौं । उनलाई मेलै बनाएको खाना मिठो लागेछ क्यारे बाँकी खाना भोलि खाने भनेर फ्रिजमा राख्यौं अनि हामी सुत्ने तरखरमा आआफ्नो कोठातर्फ लाग्यौं । भोलिपल्ट बिहान हल्का ब्रेकफास्ट गरी आठ बजेतिर निस्कियौं । उनी आफ्नो कामतर्फ लागिन् । म भने स्टकहोम सहरको केन्द्रको नजिकै रहेको सोडोरटाल्ल खुला आकाश म्युजियम हेर्नतर्फ लागें ।

**सोडोरटाल्लीको खुला आकाश म्युजियम**

यो अचम्मको गाउँ रहेछ । त्यहाँ हरेक दिन बाहिरबाट महिला पुरुषहरु करिब २०० वर्ष पुरानो तरिकाबाट, मध्यकालिन पहिरनमा त्यही बेलाका औजारहरु प्रयोग गरेर दिनभर काम गर्दा रहेछन् र बेलुकी फर्कंदा रहेछन् । यस म्युजियमको मुख्य उद्देश्य भनेको मध्य युगमा मानिसहरु कसरी बस्दा रहेछन्, कस्ता कस्ता औजारले के काम गरी कसरी बाँच्दा रहेछन् भनेर आधुनिक शहरिया जीवनलाई देखाई आफ्नो संस्कृति, भेषभुषालाई जीवित राख्नु रहेछ । सबैभन्दा पहिले म्युजियममा प्रवेश गर्नासाथ म गाई, बाख्रा, बंगुर र कुखुरा पालन गरेको स्थलतर्फ अवलोकन गर्न गएँ । त्यहाँ मानिसले इच्छा गरेअनुरुप दुध र दुग्ध पदार्थ, बंगुर कुखुराहरु किन्न पनि पाइने रहेछ । त्यहाँ हरेक दिन ती पाल्तु जनावरहरुलाई कसरी खुवाइँदो रहेछ भनेर पनि हेर्न पाइने रहेछ । त्यसपछि पुरानो छपाइ मेसिनले छापिरहेको हेर्न गएँ ।

मध्यकालमा कस्तो मेसिनले कसरी छाप्दो रहेछ भन्ने पनि देखियो । त्यसपछि मैले पाउरोटी बनाइरहेको स्थल पनि अवलोकन गरें । त्यहाँ गई पुरानो मेचमा बसी एक पिस पाउरोटी र केक किनेर पनि खाइयो । त्यसपछि त्यहाँ रहेको चालु अवस्थाको हावाको मिल हेरियो । त्यहाँ नजिकैको पुराना स्वेडिस बस्ती, पसल, कृषि फार्म पनि रहेछन् । त्यहाँ एउटा घरमा छिरी घरको भित्री भाग अनि कोठाहरु कसरी सजाइँदो रहेछ भन्ने पनि देखियो । अर्को एक ठाउँमा मध्यकालमा बनाइएको काठको हवाई जहाज र पानी जहाजलाई संरक्षण गरेर राखिएको रहेछ, त्यो पनि हेरियो ।

यो सोडोरटाल्ली भन्ने ठाउँ डाँडाको काखमा उच्चो भागमा रहेको हुँदा यहाँबाट स्टकहोम सहरको मनोरम दृश्य पनि देखिने रहेछ । दिनहुँ सयौं संख्यामा स्वदेशी विदेशी पर्यटकहरु आई अवलोकन गरी बसी त्यहींको पसल रेस्टुँरामा किनेर खाई दिन बिताउँदा रहेछन् । बच्चाहरुको खानका लागि अन्य कुरा जस्तो आइसक्रिम, केक पाउरोटी र खेल्ने ठाउँ पनि भएको हुँदा शहरिया परिवारहरु गाउँले परिवेशमा दिनभर आइ बसी मनोरञ्जन गर्दा रहेछन् । अर्को एक ठाउँमा पुराना वाद्यवादन प्रयोग गरी नाची अनि गाइरहेको पनि देखियो । ठाउँ ठाउँमा पोखरी अनि बगैंचा सजाइएको, विभिन्न रंगका लोखर्केहरु रुख चढ्दै ओर्लंदै गरेको मनोरम दृश्य देखिदो रहेछ ।

भित्र पसेपछि बाहिर निस्कनै मन नलाग्ने सोडोरटाल्लीमा ९ घण्टा जति बसेर म पुन आन्नाको साथ उनको घर टिरोस फर्कें । अगाडिको बेलुकी बाँकी रहेको दाल भात तरकारी तताएर खायौं । स्टकहोममा हेर्ने कार्य सकिएको हुँदा भोलिपल्ट दिनभर सरसफाइ गर्ने कार्य गरी रातिको पानी जहाजबाट म लागें फिनलैण्डको टुर्कु भन्ने सहरतर्फ । मलाई पानी जहाजसम्म छोड्न आन्ना आएकी थिइन् । छुट्ने बेलामा मैले उनलाई नेपाल आउने निम्ता दिएँ । उनले त्यो निम्ता सहर्ष स्वीकार गरिन् ।



टिरोसस्थित आफ्नो घरअगाडि आन्ना

SOS MANPOWER SERVICE (P) LTD.

www.sosmanpower.org

विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्

ISO 9001

JAS-ANZ

Handphone : 9851024628

G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53

Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल

नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।

फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?

Get your solution today!

CrossWeb Office Automation Pvt. Ltd.

sales - service - support

happy to help

Same day service including:

:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.

Our qualified technicians guarantee all of our work and parts.

Call us today for free advice and estimates

977 1 4444531, 4444532, 9851051003

E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact

https://www.facebook.com/crossweb.automation.3

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग

# कृषिमा परनिर्भरताको भयावह अवस्था

- उपेन्द्र झा

नयाँ प्रविधिको अभावमा कृषि परम्परागत विधिद्वारा हुँदै आए पनि एउटा कालखण्डमा नेपाल धान निर्यातकर्तामा नाम लेखाएकै हो । कृषिमा सरकारको खासै ध्यान नरहेको अवस्थामा जनसंख्याको कमीले नेपाल धान चामल निर्यात गरेको पदवी पाएको थियो । समयको अन्तरालमा जनसंख्याको चाप बढ्दै जाँदा खाद्यान्न निर्यातको गौरवबाट नेपाल वञ्चित हुन पुग्यो ।

मानव जीवनका लागि कृषि अभिन्न अंग भएकोले २००७ सालको परिवर्तनपछि सरकारले निम्न बमोजिमको भूमि ऐन ल्याएको देखिन्छ । (१) भूमिदारी अधिकार प्राप्ति कानून मस्यौदा-२००८ ले उपत्यकाभित्रका मोहीको लगत तयार पार्ने काम गर्‍यो । (२) भूमि जाँच कमीशन-२००८ ले सबै जिल्लाका मोहीको लगत तथा मोही हक सुरक्षणको व्यवस्था गर्‍यो । (३) भूमिसुधार कमीशन-२००९ ले मोहीको हक सुरक्षणका साथै मोहीको कूत निर्धारण, बिना क्षतिपूर्ति विर्ता उन्मूलन, जग्गा जमिनको स्रेस्ता व्यवस्थित गर्ने, गुठी जग्गाको मालपोत नगदमा लिने आदि कार्यहरू यो ऐनले गर्‍यो ।

(४) भूमि सुधार सम्बन्धि १३ सूत्रीय योजना-२०१२ ले ऋणको ब्याज १० प्रतिशतभन्दा बढि लिन नपाईने, पर्ती जग्गा सुकुम्बासीलाई वितरण गर्ने, जग्गाधनी र मोहीबाट कोष खडा गर्ने, सहकारी बैंक स्थापना गर्ने आदि कार्य गरेको थियो । (५) जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन- २०१३ मा गाउँ समितिमार्फत पटवारीले जग्गा कमाउनेको तथा मोहीको लगत राख्ने व्यवस्था गर्‍यो । (६) भूमि सम्बन्धि ऐन-२०१४ ले जग्गा जोत्ने खास व्यक्तिलाई मोही निर्धारण गर्ने, मोहीको हक हस्तान्तरण गर्दा जग्गाधनीको स्वीकृति चाहिने तथा जग्गाधनी र मोहीबीच कृषि उत्पादनको आधी आधी बाली बाँडफाँड गर्ने निश्चित गरियो । (७) वन राष्ट्रियकरण ऐन-२०१४ जारी गरि वनक्षेत्रलाई सरकारको स्वामित्वमा ल्याईयो । (८) विर्ता उन्मूलन ऐन-२०१६ ले विर्ता पाएका सबै जग्गा रैकरमा परिणत गरि जग्गामा रहेका सामन्ती प्रथालाई अन्त गरेको थियो । (९) कृषि सम्बन्धी ऐन-२०१९ ले कृषि उत्पादनलाई बढाउने आर्थिक विकासको गतिलाई तीव्र पार्ने, कृषकहरूको जीवनस्तरमा सुधार ल्याउने आदि उद्देश्य लिएको थियो । (१०) भूमि सम्बन्धि ऐन-२०२१ ले पहिलो चरणमा १६ जिल्ला, २०२२ मा दोश्रो चरणमा २५ जिल्ला तथा २०२३ मा तेश्रो चरणमा ३४ जिल्लामा प्रभावकारी रूपमा भूमिसुधार कार्यक्रम जारी भयो ।

प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरि पंचायती प्रजातन्त्रको माध्यमबाट देशको गतिलो सुधार गर्ने भनेर राजा महेन्द्रले २०१७ सालमा शासन सत्ता आफ्नो हातमा लियो । २०२१ सालमा भूमि सुधार ऐनले जग्गा जोत्ने किसानको मोहियानी हक सुरक्षित गरिएको थियो । जग्गामाथि मोहीको स्वामित्व कायम भएपछि कृषिमा सुधार हुने अपेक्षा गरिएको थियो ।

जग्गालाई अव्वल, दोयम, सीम र चहारमा वर्गीकरण गरि एक वाली मात्रको अधिकतम कूत ६ क्विन्टल खाद्यान्न जग्गाधनीलाई बुझाउने नियम बन्यो । जग्गाबाट ३ तीनवालीको आधी पाउने जग्गाधनीको अधिकार खोसिएकोले जग्गाधनी र मोहीबीचको द्वन्द्वात्मक सम्बन्धको सिर्जना भयो ।

२०२५ सालमा भूमि सम्बन्धि ऐनको दोश्रो संशोधन अनुसार कृषि विकासको लागि प्रभावकारी नियम बमोजिम हदबन्दी, तोकिएकोभन्दा बढि कूत असुल्न नपाईने, अनिवार्य बचत कृषि विकास प्रयोजनमा प्रयोग गरिने आदि व्यवस्था गरिएको पाइन्छ । सो अनुसार तराईमा २५ बीघा, उपत्यकामा ५० रोपनी तथा पहाडमा ८० रोपनीको हदबन्दी लागू भयो । घर घडेरीको लागि तराईमा ३ बीघा, पहाडमा १६ रोपनी र उपत्यकामा ८ रोपनी थप जग्गा दिईएको पाइन्छ । २०५३ सालमा भूमि सम्बन्धी ऐन-२०२१ लाई चौथो पटक संशोधन गरि जग्गामा रहेको द्वैध स्वामित्वलाई अन्त्य गर्ने गरि कानून बनाईयो । आधी आधी जग्गा बाँडफाँड गरि जग्गाधनी र मोहीबीचको द्वन्द्वात्मक सम्बन्धको अन्त गरियो । एकवर्ष कमाएको अवस्थामा मोही बनाउने नियमलाई यो संशोधनले खोज गरेको छ । यो संशोधनबाट ४.५ लाख मोहीहरू अधिकारबाट बञ्चित हुन पुगेका छन् । यो ऐनले एकवर्ष कूत नबुझाउने लाखौं मोहीलाई बेदखल गर्‍यो ।

देशको कूल भौगोलिक क्षेत्रको १८ प्रतिशत भूमि कृषि योग्य छ । राष्ट्रिय जोतको औसत आकार ०.९५ हेक्टर अर्थात १८.६ रोपनी ( १ बीघा ८ कट्ठा ) छ । १ हेक्टरभन्दा कम जग्गा भएको कृषकको जनसंख्या ७० प्रतिशत छ । उसको भागमा कृषिभूमिको ३० प्रतिशत भूमि छ । ५ हेक्टरभन्दा बढि कृषिभूमि हुने किसानको जनसंख्या १.५ प्रतिशत छ । उसले कृषिभूमिको १४ प्रतिशत भाग ओगटेको छ । भूस्वामित्वको यो असमानता जस्तै ठुला किसानसंग उर्बरभुमि, सिंचाई सुविधा भएको, कृषियन्त्रको भौतिक सुविधा उपलब्ध भएको तर साना किसानसँग यी कुनै कुरा नभएको असमानताले कृषिभूमि प्रभावित हुँदै आयो ।

२०५८ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले भूमि सम्बन्धी ऐन-२०२१ लाई पाँचौं पटक संशोधन गरि जग्गाको हदबन्दी लागू गर्‍यो । सो हदबन्दी अनुसार तराईमा १० बीघा, पहाडमा ७० रोपनी तथा उपत्यकामा २५ रोपनीको व्यवस्था गरियो ।

दान, बक्स, विर्ताबाट हजारौं बीघा जग्गा पाएका ठुलाठुला सामन्तहरूको शान र मान बढ्ने, जनतामाझ मालिक र भगवानको दर्जा प्राप्त हुने अनौठो आनन्दानुभूतिमा रमाएका सामन्तहरू कृषि भूमिको अपेक्षाकृत उपयोग हुन दिएन ।

कृषिकार्य आफू गर्न नसक्ने, विश्वासिलो गरिब किसानलाई भूमि कमाउन दिंदा हैसियत अनुसार मात्र जग्गा कमाउन सक्ने स्थितिले जग्गा बाँझो रहने भएकोले कृषि उत्पादन जनसंख्याको अनुपातमा कम हुन थाल्यो र निर्यातको अवस्था क्षीण बन्दै गयो ।

हदबन्दीबाट मध्यमवर्गका किसानहरू मात्र प्रभावित भए । ठूला सामन्तहरू आफन्त तथा काल्पनिक व्यक्तिहरूको नाममा जग्गा लुकाउने काम गर्‍यो । क्रमिक रूपमा सो बढि जग्गालाई बिक्रि गरि पूँजीगत सम्पत्तिमा रूपान्तरण गर्‍यो । जग्गालाई लुकाउन, अधिकतम मूल्यमा बेच्ने होडवाजी शुरू भयो । काठमाण्डौंमा घर बनाएर बस्न प्रतिष्ठाको विषय बुझ्ने हुनेखाने व्यक्तिहरू विस्तारै पहाड, हिमाल र तराईबाट काठमाण्डौं पस्न थाले । यहाँ जग्गाको खरिद विक्रीको कारोवार शुरू भयो । कृषियोग्य जग्गाहरू विस्तारै प्लटिङ्ग भई बिक्री हुन थाल्यो । माओवादी द्वन्द्व तथा मधेश आन्दोलनबाट प्रताडित विस्थापितहरू काठमाण्डौंमा जग्गा खोज्दै आउने ग्राहकको तीव्र वृद्धिले भूमाफियाहरूको जन्म दियो । विस्तारै काठमाण्डौंमा बस्ती विस्तार गर्दै भूमाफियाहरू उपत्यकाबाहिर चितवन, नारायणघाट, नवलपरासी, हेटौडा, बर्दिवास, विराटनगर आदि विभिन्न ठाउँमा जग्गाको बिक्री गर्ने कारोवार संचालन हुँदै जाँदा विस्तारै कृषिमा प्रयोग हुने जग्गा मासिदै गयो । कृषियोग्य जग्गा मासिने तथा विभिन्न कारणबाट कृषि उत्पादनमा आएको ह्रासले परनिर्भरताको अवस्था सिर्जना भएपछि सरकारले जग्गा प्लटिङ्गको कारोवारीलाई अंकुश लगाउने उद्देश्यले कानुन ल्यायो । जग्गा कारोवारबाट बैंकको राम्रो आम्दानी स्रोत रहेकोले यो कार्य निर्वाध चलेको थियो । सरकारले जग्गा बिक्री वितरणमा रोक लगाएपछि बैंक पनि पछि हट्यो र यो कार्य बन्द भयो ।

भूमिको व्यवस्था तथा कृषिमा सुधार ल्याउन सरकारले २०५१ मा केशव बडालको नेतृत्वमा उच्चस्तरीय भूमिसुधार आयोग गठन भयो । बडाल आयोगले नेपालमा भूमिको अवस्था र प्रयोग, कृषिको अवस्था, भूमिको असमान वितरण प्रणाली, जग्गाधनी र जोतहाको अवस्था, जग्गाको बर्गीकरण आदिबारे सरकारलाई लिखित प्रतिवेदन दियो । १४ वर्षपछि शासनसत्तामा माओवादीको अवतरण भई सकेपछि क्रान्तिकारी भूमिसुधारको अवधारणा अनुसार प्रचण्ड नेतृत्वको सरकारले हरिबोल गजुरेलको नेतृत्वमा उच्चस्तरीय भूमिसुधार आयोग गठन गर्‍यो । यहाँसम्म आईपुग्दा कृषिजन्य वस्तुको आयात चरम सीमामा रहेको तथा नेपालको कृषिको अवस्था अति दयनीय रहेकोले कृषिमा आमूल सुधारको आवश्यकतालाई औंल्याउँदै कृषिलाई पर्यटनसंग जोडेर उत्पादन बढाउने दिशामा अगाडि बढ्नु पर्दछ भन्ने सुझाव दिएको देखिन्छ । त्यसपछि घनेन्द्र बस्नेतको नेतृत्वमा २०६७ मा वैज्ञानिक भुमिसुधार सम्बन्धि उच्चस्तरीय आयोग गठन भई सरकारलाई उपरोक्त आशयको सुझाव प्रतिवेदन दियो ।

२०१६ सालमा विर्ता उन्मूलन ऐन आएपनि ६७ वर्षको अन्तरालमा विर्ताका जग्गा अहिले पनि रैकरमा परिणत भएको छैन । सामन्ती भू-स्वामित्वको अन्त गर्ने कति पटक ऐन आयो तर जमीनबाट सामन्ती पकड हटेको छैन । भूमि सम्बन्धि सुधारका ऐनहरू, विदेशी लगानी सहयोग, कृषिमा लगानी गर्न नेपाल राष्ट्र बैंकको बैंकहरूमाथिको दबाव, कृषिमा दक्ष जनशक्तिको सहभागिता आदि अनुकूल वातावरण रहेपनि कृषिमा परनिर्भरताको अवस्था भयावह देखिएको छ र यो दिन प्रतिदिन बढ्दै गएको छ । कृषि उत्पादनमा खासै वृद्धि भएको देखिदैन । धानको उत्पादन ४५ लाखदेखि ५० लाख मैट्रिक टनमा अडकिएको छ । नेपालको जनसंख्यालाई ६० लाख मैट्रिक टन प्रतिवर्ष धान खपत हुने देखिएको छ ।

कविता

## खै त रेमिट्यान्स दिवस



● प्रेम ओली (ढकलपुरे)

कहिले धान काट्ने दिवस
कहिले धान रोप्ने दिवस
मन्त्रीज्यू
खै त हाम्रो रेमिट्यान्स दिवस ?

धानदिवस भनेर के गर्ने
देशका सबै खेतबारी बाँझा छन
देशमाधाननफले पनि
हाम्रो रेमिट्यान्सले पारीबाट मगाएर
मजाले दाल भात बजाछन
मन्त्रीले एक दिन खेत टेकेर
धानफल्दैन
हामीले रेमिट्यान्स नपठाए
देशैचल्दैन
कोहीअपाङ्ग बनेर
कोहीलास बनेर रेमिट्यान्स पठाछौं
हामीले पठाको रेमिट्यान्स गनेर
देशको उन्नतिको धाग लगाछौ
हाम्रै पसिनाले तिरेको ट्याक्सले
सुबिधा सपन्न गाडी घोडा मगाछौ
सुट बुट देखीकालो चश्मासम्म
हाम्रै रेमिट्यान्सबाट लगाछौ
कहिले घोडाजात्रादिवस
कहिले गाई जत्रादिवस छ है ?
नेताज्यू
हाम्रो रेमिट्यान्स दिवस चाँही खै ?

हामीतिम्रो र तिम्रो पार्टिको लागि
भोट पनि पठाउने नोट पनि पठाउने
त्यत्रो दिवस भएको ठाउमा
हाम्रो रेमिट्यान्स दिवस नअटाउने ?
भनत अब हामीले रेमिट्यान्स
पठाउने कि न पठाउने ?
बिदेशीमुद्राल्याउनतिमीले बिदेश तिर
न चामल पठाउछौ न दाल पठाउछौ
न जडिबुटी पठाउछौ न कुनै माल
पठाउछौ
पठाएँ पनिहामी जस्तै बलियाबङ्गा
साल पठाउछौ
रेमिट्यान्स घट्दा
देशको बजेटमा तलमाथीभाकोछ
उधोगधन्दाब्यापार नचलेको बेला
देशले यसको ठुलो सपोर्ट पाकोछ
कहिले इद दिवस कहिले क्रिसमस
दिवस
मन्त्री ज्यू
खै त हाम्रो रेमिट्यान्स दिवस ?

## देह

प्रकाश चालिसे



त्यो देहमा रहेको सबैको मोह भारी
त्यो सासमा रहेको आश नै बजारी

हुन्कार फुक्छ तनले मै सर्वशक्तिशाली हुँ,
डकार उसको यसरी सुसाउने
ताकी गोमन सर्प नै बिर्साउने,
आखिर रहेनछ पासमा क्यै,

त्यै एक मुठी चामल र पिठो नै खै !
त्यो आफ्नै सबै अङ्गहरु आफै बिर्सियो,
कै हल्चल नभै आफ्नै शरीर सिद्धियो
हरे राम यसमा केही सन्देह नै छैन ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

## जोसेफ स्टालिन–१४

**मानव समाजमा सामूहिक विवाह पद्धति भत्किएपछि एकनिष्ठ विवाहले स्थान पाएको हो । झलक्क हेर्दा एक युवकएक युवती अथवा एक नारी एक पुरूषबीचको पारिवारिक सम्बन्ध राम्रो देखिन्छ तर गहिराइमा जाँदा यसले पारिवारिक सम्बन्धमाठूलो आघात पार्छ । यसले नारीपुरूष दुवैलाई पतनको बाटोमा लान्छ, जुनकारणले समाज, देश र विश्वलाई नै पतनको बाटोतर्फ डोर्‍याउँछ । किनकि यसपद्धतिले नारीपुरूष दुवैको प्राकृतिक आवश्यकता पूर्ति गर्न सक्तैन । आज संसार सम्भावित विश्वयुद्ध र पर्यावरणको प्रदूषणले स्वभस्मीभूत हुने अवस्था सिर्जना हुनुमा 'व्यक्तिगत पुँजी' आफ्नो ठाउँमा जति दोषी छ, 'एकनिष्ठ विवाह पद्धति' पनि उत्तिकै दोषी छ ।**

'परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति' मा एङ्गेल्स महान्ले एकनिष्ठ विवाह पद्धतिबारे भनेको छ– "एकनिष्ठ यौन सम्बन्धलाई नैतिकताको पराकाष्ठा ठान्ने हो भने फित्ते जुकोलाई नै सर्वश्रेष्ठ मान्नुपर्छ, जसका ५० देखि २०० सम्मका देह खण्ड अथवा भागहरूमध्ये प्रत्येकमा स्त्री र पुरूष दुवै प्रकारका योनाङ्गहरू हुन्छन् र यसको सम्पूर्ण जीवन यी भागहरूमध्ये प्रत्येकमा स्वयं मैथुन गर्नमै बित्छ ।" (पेज, ४०)

एकनिष्ठ विवाह पद्धति कसले र किन स्थापित गर्‍यो ?यसबारेएङ्गेल्सको भनाइ छ– "जीवनका आर्थिक आधारहरू विकासको फलस्वरूप अर्थात् आदिम साम्यवादको पतन तथा जनसङ्ख्याको घनत्वमा वृद्धिका कारण परापूर्व कालदेखि चल्दै आएको पुरूष र नारीबीचको सम्बन्धले आफ्नो सरल आदिम चरित्र जति बढी गुमाउँदै गयो, नारीहरूलाई यी सम्बन्धहरू त्यत्तिकै बढी अपमानजनक र असह्य लाग्न थाले ।नारीहरूले दृढतापूर्वक पतिव्रत्यअर्थात् एकमात्र पुरूषसित अस्थायीवा स्थायी विवाह गर्ने अधिकार आफ्नो मुक्तिको रूपमा माग गर्नुपर्‍यो ।अरू कारण हेर्दा पनि यसको श्रेय पुरूषहरूलाई हुँदैन । किनभने उनीहरूले वास्तविक सामूहिक विवाहको लाभ अस्वीकार गर्ने कुरा आजसम्म पनि सोचेका छैनन् । नारीहरूले युग्म विवाहमा सङ्क्रमण गरेपछि मात्र पुरूषहरूले कठोर एकनिष्ठ विवाहको चलन चलाए र स्वभावतः नारीहरूकै लागि मात्र । (उही, पेज, ६४)

भावी समाजवादी समाजमा एकनिष्ठ विवाह पद्धति नरहन पनि सक्छ भन्ने सङ्केत गर्दैएङ्गेल्स महान्लेख्छन्– "उत्पादनका साधनहरू सामाजिक सम्पत्ति बनेपछि व्यक्तिगत परिवार सामाजिक, आर्थिक एकाइ बन्न छोड्नेछ । घरेलु कामधन्दा सामाजिक उद्योगको एक क्षेत्रमा परिणत हुनेछ..... एकनिष्ठ विवाह र वेश्यावृत्ति एकअर्काका विपरीत हुँदाहुँदै पनि एउटै सामाजिक परिपाटीका दुई ध्रुव हुन् । तसर्थ यिनलाई एकअर्काबाट अलग्याउन सकिँदैन ? वेश्यावृत्ति त लोप हुन्छ तर यसले आफैलाई मात्र नभएर एकनिष्ठविवाहलाई समेत खतम नपार्ला ?" (उही, पेज ९०-९१)

'कुरा त्यसो हो भने भावी समाजमा कस्तो विवाह पद्धति रहला ?'यस कुरामा एङ्गेल्स मोर्गनको विचारसँग सहमत देखिन्छन्, "सभ्य युगमा जुन सामाजिक संस्थाहरू विकसित भए, तिनको ऐतिहासिक अन्वेषण मोर्गनको पुस्तकको क्षेत्रभन्दा बाहिरको कुरा हो । तसर्थ यसकालमा एकनिष्ठ विवाहले कस्तो रूप लिनेछ भन्ने विषयमा उनले सङ्क्षेपमा मात्र चर्चा गरेका छन् । मोर्गन पनि एकनिष्ठ विवाहको भावी विकासलाई प्रगतिशील पाइलो ठान्छन् र नारी तथा पुरूषबीचको पूर्ण समानतातर्फ नजिकिने प्रक्रिया मान्छन्, तर उनी यो लक्ष्य पूरा भइसकेको ठान्दैनन् ।" (उही, पेज ९९)

*क्रमशः*

# पर्सलेनका अनेकौं गुण



काठमाडौं । यो पृथिवीमा कुनै पनि चीज व्यर्थ छैनन् । हामीलाई झारपातहरूको महत्व नै थाहा छैन । जस्तै, हाम्रो घरमा अनि पर्खालमा भेटिने झारपात पर्सलेन पनि धेरै गुण भएको बिरुवा हो । हामी यसलाई जंगली बुट्यान ठानेर लुछेर मिल्काउँछौं । तर यसमा पोषण तत्वहरू भरपूर मात्रामा भेटिन्छन् । यो बिरुवाको स्वाद पनि गजबको हुन्छ र यसको पोषण पनि राम्रो हुन्छ ।

यो बिरुवामा ओमेगा ३ प्रचुर मात्रामा पाइन्छ । ओमेगा ३ खासमा फ्याट्टी एसिड हो र यो माछा, अण्डा र माछाको तेलमा पाइन्छ । यो एसिडले दिमाग तीखो बनाउँछ र हृदयघातलाई रोक्छ । तपाईं शाकाहारी हो भने त ओमेगा ३ पाउनका लागि पर्सलेन नै सर्वोत्तम विकल्प हो । पर्सलेनमा भएको एन्टीअक्सिडेन्टले तपाईंको छाला जवान राख्छ । अनि यसले शरीरको रोगप्रतिरोधात्मक क्षमता बढाएर रोगहरूसँग लड्न पनि सहयोग गर्छ । यो बिरुवा आहारमा समावेश गर्नुभएमा शरीरमा क्याल्सियम र म्याग्नेसियमको कमी हुन पाउँदैन । तपाईंको हाड र दाँत बलियो हुन्छ । यसमा पोटेसियम पनि प्रशस्त हुन्छ । यसको पात खाँदा रक्तचाप सामान्य रहन्छ । यसमा आइरन पनि हुन्छ । शाकाहारीहरूका लागि आइरन पाउन मासुको साटो यही बिरुवा उपयुक्त हुन्छ । पर्सलेनमा ९३ प्रतिशत पानी हुन्छ । यसको पात खाँदा तपाईंको शरीर आर्द्र रहन्छ । तपाईं स्वस्थ र फुर्तिलो हुनुहुन्छ । पर्सलेनमा भएको मेलाटोनिनका कारण यो खाँदा तपाईंलाई राम्रो निद्रा लाग्छ ।

पर्यटन

# विश्व गन्तव्य सूचीमा नेपाल पहिलो स्थानमा



बेलायतको ट्राभल गाइड बुकले पर्यटकीय गन्तव्यका लागि विश्वका १० सुन्दर देशहरुको सूची प्रकाशित गरेको छ । त्यसमध्ये भ्रमणका लागि नेपाल पहिलो नम्बरमा परेको छ । सन् २०१६ मा भ्रमणका लागि बेलायतको रफ गाइडले प्रकाशित गरेको विश्वका १० उत्कृष्ट देशको सूचीमा नेपाल परेको हो ।

**मुस्ताङको हिमाली क्षेत्र**

०७२ साल वैशाख १२ गते गएको भूकम्पले थिलो थिलो भएको नेपालको पर्यटन व्यावसाय माथि उक्लँदै गएको छ भन्दै गाइडले नेपाल भ्रमण गर्न योग्य सुन्दर देश भनेको छ । रफ गाइडले नेपालको ट्रेकिङ रुट, होम स्टे तथा विभिन्न सांस्कृतिक क्षेत्रलाई पर्यटकीय आकर्षणको मुख्य केन्द्र भनेको छ । भूकम्पले आफ्ना प्रियजन गुमाउनुको पीडा, अथाह धनजनको क्षतिका बाबजुद पनि नेपाली जनताको आत्मीय स्वागत र व्यवहारलाई पनि नेपाली पर्यटन क्षेत्रको सुन्दर र सबल पक्ष भनेको छ । विभिन्न हिम शृङ्खला, जंगली जनावर तथा विविधताले भरिपूर्ण नेपाली जंगलहरुलाई पर्यटनका लागि उत्कृष्ट रहेको बताइएको छ । रफ गाइडको १० देशको सूचीमा नेपाल पहिलो र कोलम्बियालाई दोस्रो नम्बरमा राखिएको छ । क्युवा तेस्रो, जोर्डन चौथो, अल्बानिया पाँचौं, रोमानिया छैटौं, एल सालभाडोर सातौं, वेल्स आठौं, केन्या नवौं तथा श्रीलंका दशौं नम्बरमा परे पनि भारतलाई भने कुनै पनि सूचीमा राखिएको छैन ।

# फासीवादतर्फ उन्मुख मोदी सरकार



विष्णु भट्टराई

गत साता भारतीय राजनीतिलाई तरंगित तुल्याउने त्यस्ता धरपकडहरु भए जसले आफैंद्वारा चुनिएका शासकसामु सामाजिक कार्यकर्ता, लेखक, पत्रकार, कानुनविद, मानव अधिकारवादी तथा पादरी समेत जोगिन सकेनन् । शासनमा टिकिराख्न तथा विरोधीलाई तह लगाउन गरिने यावत प्रयासमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी क्रुरताका साथ अघि बढिरहेको यो घटनाले प्रमाणित गर्छ । भारतका विभिन्न राज्यमा सामाजिक कार्यकर्तामाथि धरपकड गरेर मोदी सरकारले श्वेत आतंक मच्चाइरहेको छ । जनमतबाट प्रधानमन्त्री बनेका मोदीले इन्दिरा शासन कालको झल्को दिइरहेका छन् । इन्दिराले संकटकाल लगाएर ४१ वर्षअघि जसरी आफ्ना विरोधीलाई धरपकड गर्ने र बन्दी बनाएर शासन सत्ता लम्बयाउने प्रयत्न गरेकी थिइन्, अहिले मोदीले त्यही नीति अख्तियार गरिरहेका छन् । तेलगु कवि वरवर राव, पत्रकार तथा सामाजिक कार्यकर्ता गौतम नवलखा, अधिवक्ता सुधा भारद्वाज, अरुण फरेरा, लेखक तथा सामाजिक कार्यकर्ता वरनान गोन्जाल्विस तथा मानव अधिकारवादी कार्यकर्ता तथा इसाई पादरी स्टेफन स्वामी, दलित अधिकारवादी आनन्द तेललुमडे, पत्रकार क्रान्ति टेकुला अधिवक्ता सुमन अब्राहम गिरफ्तारीको परिघटनाले मोदी सरकार फासिवादीमा रुपान्तरित भएको पुष्टि हुन्छ ।

सामाजिक कार्यकर्ता· भन्डारु सन्ध्या, प्रोफेसर विश्वेश्वरा राव, विमला अरुणोदय, मन्जुला विरसम, झाँसीगाडे, खुद अरुणंकलाई मोदी सरकारले पक्राउ गरेको छ । त्यसका साथै झन्डै एक दर्जनभन्दा धेरै सामाजिक र मानव अधिकारवादी कार्यकर्ताको घरमा छापा मारेर उनीहरुका निजी वस्तु जफत गरिएको छ । सामाजिक कार्यकर्तामाथि भएको यो दमनको बचाव गर्दै सत्तारुढ दल भारतीय जनता पार्टीका प्रवक्ता संवित पात्राले उनीहरु नक्सवादी भएको बताएका छन् । पक्राउ गरिएका सामाजिक कार्यकर्तालाई भारतीय प्रहरीले मुख्यत: तीन आरोप लगाएको छ । पहिलो गत वर्ष ३१ डिसेम्बरमा महाराष्ट्रको भिमा कोरेगाँवमा भएको हिंसामा उनीहरुको सहभागिता, दोस्रो भारतका दुर्गम राज्यहरुमा संघर्षरत माओवादी हिंसाको सहरी दिमागको रुपमा उनीहरुको भूमिका र तेस्रो भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हत्या योजनामा संलग्न हुन सकेन ।

सामाजिक कार्यकर्ताको धरपकडसँगै भारतका विभिन्न राज्यमा विरोध प्रदर्शन गरिए । पक्राउ परेका पाँच सामाजिक कार्यकर्ता वरवर राव, सुधा भारद्वाज, अरुण फरेरा, गौतम नवलखा, वारनान गोन्जल्विसका पक्षमा सुप्रिम कोर्टले थुनामा नराख्न अन्तरिम आदेश दिएको छ । सर्वोच्च अदालतले अर्को सुनुवाई मिति ६ सेप्टेम्बरका लागि तोकेको छ । त्यतिबेलासम्म उनीहरु घरमै नजरबन्द हुनेछन् । वरिष्ठ इतिहासकार रोमिला थापार, प्रभात पटनायक सतिस देश पाण्डे, देवकी जैन, माया दारुवालाको याचिका माथि सुनवाई गर्दै सुप्रिम कोर्टले भारत सरकार र महाराष्ट्र सरकारलाई आदेश जारी गरेको हो । सरकारको यस कदमलाई भारतको राष्ट्रिय मानव अधिकार आयोगले पक्राउमा कानुनको पूर्ण पालना नगरिएको हुनाले मानव अधिकारको उल्लंघन हुन सक्ने जनाएको छ ।

धरपकडको विरोधमा सामाजिक कार्यकर्ता तथा लेखिका अरुन्धती रोयले सामाजिक कार्यकर्तालाई हास्यास्पद आरोपमा पक्राउ गरिनुले भारत कुन दिशामा गइरहेको छ भन्ने स्पष्ट भएको बताएकी छिन् । उनी भन्छिन्- हत्याराहरुलाई सम्मान गरिँदैछ र उनीहरुलाई जोगाइँदैछ । जोसुकै मान्छे, जो न्यायको पक्षमा उभिएको छ, अथवा हिन्दु बहुसंख्यक वादका विरुद्ध बोलिरहेको छ, उससलाई अपराधी करार गरिँदैछ । जो हुँदैछ त्यो निकै खतरनाक छ । भावी निर्वाचन प्रभावित गर्न र भारतीय संविधानविरुद्ध सत्ता कब्जा गर्दै हाम्रो स्वतन्त्रता निमोठ्न यो प्रयास भइरहेको छ ।

### पक्राउ पर्ने अधिकारवादी को हुन् ?

गौतम नवलखा : उनी भारतकै चर्चित अधिकारकर्मी हुन् । उनले नागरिक अधिकार, मानवअधिकार र लोकतान्त्रिक अधिकारका मुद्दामा लामो समयदेखि काम गर्दै आएका छन् । उनी भारतको अंग्रेजी पत्रिका इकोनोमिक एन्ड पोलिटिकल विक्ली (ईपीडब्लू) को सल्लाहकार सम्पादकका रूपमा पनि काम गर्दै आएका छन् ।

**सुधा भारद्वाज** : सुधा भारतकी एक वकिल तथा अधिकारकर्मी पनि हुन् । उनी दिल्लीको नेसनल ल युनिभर्सिटीमा कानुन पढाउँछिन् । सुधा ट्रेड युनियनमा पनि सामेल छिन् र मजदुरका मुद्दामा पनि काम गर्छिन् । भारतकै सबैभन्दा गरिब र शोषित जनताको बसोबास रहेको भनिने छत्तीसगढका जनताको अधिकारका लागि उनी लड्दै आएकी छन् । छत्तीसगढमा ३० वर्षदेखि गरिबका पक्षमा संघर्ष गर्दै आएकी उनी त्यहाँका कयौं मानिसको मनमा बस्न सफल छिन् । उनले सन् २०१५ मा पत्रकारसँग भनेकी थिइन्, 'मलाई केही मानिस मेरा दुस्मन बन्छन् भन्ने थाहा छ तर यसका बाबजुद पनि संघर्ष जारी राख्नेछु ।'

**वरवर राव** : वरवर राव वामपन्थी आन्दोलनप्रति झुकाव राख्ने कवि तथा लेखक हुन् । उनी रिपोल्युसनरी राइटर्स एसोसिएसनका संस्थापक पनि हुन् । उनलाई नक्सलवादी आन्दोलनसँग सम्बन्ध राखेको आरोपमा प्रहरीले पटकपटक पक्राउ गरिसकेको छ । तर उनी सबैपटक अदालतको आदेशमा रिहा हुँदै आएका छन् ।

**अरुण फरेरा**: मुम्बईको बान्द्रामा जन्मिएका अरुण फरेरा मुम्बई सेसन्स अदालत र मुम्बई उच्च अदालतमा वहस पैरवी पनि गर्छन् । उनी यसअघि पनि अनलफुल एक्टिभिटिज प्रिभेन्सन एक्ट र देशद्रोहको अभियोगमा चार वर्ष जेलमा बसेर छुटेका थिए । अरुण फरेरा र वरनान गोन्जाल्विसले गत मार्चमा 'द वायर' का लागि लेख लेख्दै भारत सरकारको विवादास्पद कानुनको आलोचना गरेका थिए ।






**वरनान गान्जाल्विस** : मुम्बईमा बस्ने वरनान गोन्जाल्विस लेखक तथा अधिकारकर्मी हुन् । उनी मुम्बई विश्वविद्यालयका गोल्ड मेडालिस्ट हुन् र मुम्बईका क्याम्पसमा पढाउँछन् । उनलाई सन् २००७ मा पनि अनलफुल एक्टिभिटिज प्रिभेन्सन एक्टअनुसार पक्राउ गरिएको थियो । उनले सोही आरोपमा ६ वर्ष जेलमा बिताउनुपरेको थियो ।

भारतीय प्रहरीले उनीहरु भारतीय माओवादीका केन्द्रीय नेता प्रकाश (ऋतुपर्ण गोस्वामी) का माध्यमबाट माओवादीसँग सम्बन्धमा रहेको दाबी गरेको छ । त्यति मात्रै होइन, माओवादीसँगै काश्मीरका पृथकतावादीसँग पनि उनीहरुको सम्बन्ध रहेको प्रहरीको दाबी छ । पक्राउ परेकाहरु माओवादी हिंसाको डिजाइनर भएको प्रहरीले दाबी गर्दै आएको छ । ३१ डिसेम्बर, २०१७ मा भएको भीमा कोरेगाउँमा भड्काउ भाषण दिएको भन्दै सो घटनामा संलग्नताबारे पनि प्रहरीले अनुसन्धान गरिरहेको छ । गतसाता उनीहरुलाई प्रहरीले घरमा छापा मारेर पक्राउ गरेको भए पनि इतिहासकार रोमिला थापर, प्रभात पटनायक, सतीश देशपाण्डे, देवकी जैन र माया दारुवालाले दायर गरेको मुद्दाको सुनुवाइ गर्दै जेलमा नराख्न र भारतको केन्द्र सरकार र महाराष्ट्र सरकारलाई ६ सेप्टेम्बरभित्रै जवाफ दिन भनेको छ ।

यस घटनामा भारतको सत्तारुढ भारतीय जनता पार्टी पक्षमा उभिएको छ भने कांग्रेस आई विपक्षमा छ । यी अधिकारकर्मीको गिरफ्तारीको भारतमा मात्रै नभएर विदेशमा पनि विरोध भएको छ । भारतमा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) देखि कांग्रेस आईले समेत यसलाई 'मोदी आतंक' को संज्ञा दिँदै विरोध गरेका छन् । इतिहासकार प्राध्यापक रामचन्द्र गुहा र लेखक अरून्धती रायले वक्तव्य जारी गर्दै गिरफ्तारीलाई संकटकालको अवस्थाका रूपमा टिप्पणी गर्दै भर्त्सना गरेका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनको पार्टीमाथि साम्प्रदायिकताको राजनीति गरेको आरोप लाग्दै आएको छ । जसले मोदी सरकार र उनको पार्टीको विरोध गर्छ उसमाथि 'सहरी नक्सल' या राष्ट्रविरोधीको आरोप लाग्ने गरेको छ । जस्तो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि पत्रकारलाई 'जनताका दुस्मन'को आरोप लगाउँदै आएका छन्, मोदी सरकारले आफ्ना विरोधीलाई यस्तै आरोप लगाउने गरेको छ ।

भारतमा मोब लिचिङ घटनाले पनि धेरै प्रश्न खडा गरेको छ । यति मात्रै होइन सरकार समर्थित न्युज च्यानलका प्राइम टाइममा हुने बहसमा पनि सरकारकाविरुद्ध बोल्नेलाई निशाना बनाइन्छ र कार्यक्रम प्रस्तोताले चिच्याएर चुप लगाउँछन् । नरेन्द्र मोदी सन् २०१४ मा भारतको प्रधानमन्त्री बनेपछि गोरक्षक समूहले करिब २० जनालाई त पिटेरै हत्या गरिसकेको छ । यसरी मारिनेमा धेरैजसो मुस्लिम छन् र उनीहरुको हत्या गाईको मासुको कारोबार गरेको आरोपमा भएको हो ।

मिडियाहरु धेरैजसो सरकारी विज्ञापनमा निर्भर छन् । त्यसैले, उनीहरु चुप छन् । यसले भारतमा लोकतन्त्र कति कमजोर छ भन्ने दर्साइरहेको छ । केहीले मध्यम वर्गीय समुदाय, मिडियाको मौनता र विरोधमा रहेका राजनीतिक दलको असफलता अहिलेको अवस्था आउनुमा जिम्मेवार रहेको ठान्छन् ।

माओवादीसँग सम्बन्ध रहेको र भीमा कोरेगाउँ हिंसामा जिम्मेवार रहेको आरोपमा पक्राउ परेका मध्ये वामपन्थी विचार राख्ने कवि वरवर रावलाई उनको घर हैदराबाद पुऱ्याइएको छ । हैदराबाद विमानस्थलमा उनले पत्रकारसँग कुराकानी गर्दै आफू र अन्य चार जना अधिकारकमीविरुद्ध लगाइएको मुद्दा झुठो भएको बताएका छन् । वामपन्थी कवि तथा लेखक रावले जोड दिएर भने, 'फासीवादी नीतिका विरुद्धको लडाइँलाई षड्यन्त्र भन्न सकिँदैन ।' उनले भीमा कोरेगाउँमा दलित र उच्च जाति मराठीहरुबीचको झडपमा अधिकारकमीविरुद्ध नभई महाराष्ट्र सरकार र केन्द्र सरकारविरुद्ध मुद्दा दर्ता गर्नुपर्ने माग पनि गरे । उनीहरुलाई पक्राउ गरिएको विरोधमा सर्वोच्चमा परेको रिटको सुनुवाइ गर्दै सर्वोच्चले जेलमा नराख्न र घरमै नजरबन्दमा राख्न आदेश दिएपछि प्रहरी उनलाई लिएर घर पुगेको हो । नजरबन्दमा उनलाई कसैले पनि भेट्न पाउनेछैन भने बाहिर जाने अनुमति पनि हुनेछैन । उनले एउटै घरमा बस्ने आफ्नी पत्नी र छोराछोरीसँग भेट गर्न सक्नेछन् । रावको घर वरपर कडा सुरक्षा पहरा दिइएको छ ।

वामपन्थी विचारक कवि तथा लेखक वरवर राव भने यसअघि पनि यस्ता घटनामा निशाना बन्दै आएका थिए । सन् १९७४ मा सरकारविरुद्ध युद्ध छेड्ने षड्यन्त्र गरेको आरोपमा सरकारले केहीविरुद्ध मुद्दा चलायो 'सिकन्दराबाद केस' का नामले चर्चित यो मुद्दामा ४६ जनाविरुद्ध मुद्दा चलाइएको थियो । जसमा एक जना थिए, वरवर राव । खम्मम, नालगोन्डा, वारन्गाल, मेडक र अन्य जिल्लामा आतंक मच्चाएको र सरकारलाई हटाउन हिंस्रक आन्दोलन चलाउने कोसिस गरेको आरोपमा नक्सल नेता कोन्डापलली सीतारमैया, केजी सत्यमूर्ति, प्रमुख तेलगू लेखक केवी रमान रेड्डी, त्रिपुर्णेनी मधुसूदन राव, वरवर राव, चेराबन्दा राजू र एमटी खानलगायतविरुद्ध मुद्दा परेको थियो । चर्चित वकिल तथा सामाजिक कार्यकर्ता केजी कन्नाभीरनले अभियुक्तका पक्षमा मुद्दा लडेका थिए । सिकन्दराबाद सेसन कोर्टले २७ फेब्रुअरी १९८९ मा आरोपमा कुनै प्रमाण नरहेको भन्दै रिहा गर्ने आदेश दिएको थियो ।

सन् १९८६ मा ४५ जना मानवअधिकारवादी कार्यकर्ता, नक्सल नेता र लेखकविरुद्ध चलाइएको मुद्दामा पनि लेखक वरवर राव अभियुक्त थिए । नक्सल नेता कोंडापल्ली सीतारमैया र लेखक वरवर राव मुख्य अभियुक्त थिए । उनीहरुलाई प्रमाण नपुगेको भन्दै सन् २००३ मा रिहा गरियो ।

भारतलाई विश्वकै ठूलो प्रजातन्त्रको देश भन्ने गरिन्छ । एक सय पच्चीस करोड जनसंख्या रहेको भारतको निर्माण ब्रिटिसहरुले गरेका हुन् । सन् १९४७ मा ब्रिटिसहरुले भारतीय राष्ट्रिय कांग्रेसलाई सत्ता हस्तान्तरण गरेका थिए । स्वतन्त्र भारतका प्रथम निर्वाचित प्रधानमन्त्री जवाहरलाल नेहरुले आधुनिक भारत विकासको खाका कोरेका थिए । जब भारतको संविधान सभाले संविधान बनायो दक्षिणी भूगोलले त्यसको घोर विरोध गऱ्यो । नेहरुले सेना परिचालन गरेर दक्षिणी भूगोलको आवाजलाई निर्ममतापूर्वक दमन गरेका थिए । पछि संविधान संशोधन गरेर दक्षिण भारतीय जनताको माग सम्बोधन गरिएको थियो । जन दमनको श्रृंखला नेहरुबाटै सुरु भएको हो । नेहरुपुत्री इन्दिराले त आफ्ना विरोधी जति सबैलाई आतंकित बनाएकी थिइन् । अहिले मोदीले इन्दिराकै विरोधी थकाउने, भगाउने र सिध्याउने नीतिलाई अवलम्बन गरिरहेका छन् । उनी खतरनाक शासक बनिरहेको अनुभूत विजेपी इतर दल र समर्थकले गरिरहेका छन् ।

*एजेन्सीहरुको सहयोगमा*

## रोचक संसार

### हजुरबासँग बिहे



अमेरिकाको फ्लोरिडामा एक २४ वर्षे युवतीले ६८ वर्षका वृद्धसँग बिहे गरिन् । कुनै गहिरो प्रेम बसेर वा बाध्यताले होइन उनले बिहे गरेको । ती वृद्ध निकै नै धनी रहेको थाहा पाएपछि उनले आफूभन्दा ३ गुणा जेठा वृद्धसँग बिहे गरेकी हुन् ।

मनगगे सम्पत्ति भएको बुढासँग बिहे गरेपछि जीवनमा ऐश आराम गर्न पाइन्छ भन्ने लोभले ती युवतीले दुनियाँलाई तीनछक पार्नेगरी बिहे त गरिन् तर जब बिहेपछि जुन सत्यको पर्दा उघारियो त्यसले ती युवती सायद जीवनभर नपखालिने दाग बोक्न बाध्य भइन् ।

बिहेपछि वृद्ध लोग्नेको बारेमा जब उनलाई यथार्थ कुरा थाहा भयो, तब उनको विस्मातको सीमा रहेन । वास्तवमा जुन वृद्धसँग उनले पैसाको लोभमा परेर बिहे गरेकी थिइन् आखिरमा ती वृद्ध त उनकै हजुरबुवा पो रहेछन् ।

बिहेअघि ती वृद्धसँग उनको हल्का चिनापर्ची भएको थियो । दुवैजनाले राजीखुसीले बिहे गरे र मियामीस्थित गोल्डेन बिचमा रहेको वृद्धको घरमा रोमाञ्चक पलहरु बिताउन सुरु गरे । एकदिन जब ती बेहुलीले पतिको घरमा राखेको फोटो एल्बम हेरिरहेकी थिइन्, तब उनी झसँग भइन् । एल्बममा रहेको एउटा फोटोमा ती युवतीका बुवा पनि थिए । त्यसपछि आफ्ना बुवाको फोटो यहाँ कसरी आयो ? के तपाइँले वहाँलाई चिन्नुहुन्छ ? भनेर सोधिन् । ती वृद्ध पतिले जुन जवाफ दिए, त्यो अकल्पनीय थियो । वास्तवमा ती युवतीका पिता उनका लोग्नेकै छोरा रहेछन् । अर्थात् उनले आफ्ना साख्खै हजुरबुवासँग बिहे गरेकी रहेछिन् ।

आखिर हुने हुनामी भैसक्यो । उनीहरुले हजुरबुवा-नातिनीबीचको यस्तो पवित्र नातालाई धुमिल बनाइसके । अब प्रायश्चित गर्दै उनीहरु छुट्टिएलान् कि भन्ने अपेक्षा थियो । तर उनीहरु लोग्ने स्वास्नीकै सम्बन्धमा जीवन बिताउने निधो गरेका छन् ।

रोचक त के भने यी वृद्ध पनि केटी खेलाउने मामिलामा खुबै खेलाडी नै रहेछन् । उनको यो तेश्रो बिहे रहेछ । यी दुईको चिनजान डेटिङ वेबसाइटमार्फत भएको रहेछ । त्यसपछि उनीहरुबीच एक रेष्टुरेन्टमा भेटघाट भयो र सम्बन्ध अघि बढ्यो । ती वृद्ध ब्वायफ्रेण्ड निकै धनी रहेको थाहा पाएपछि युवतीले बिहेअघि नै आफ्नो शरीर सुम्पिसकेकी थिइन् ।

हुनत वृद्धसँग सम्बन्ध हुनु अगावै ती युवतीले अरु कुनै पुरुषसँग शारीरिक सम्बन्ध कायम गरी गर्भवती भएकी रहेछिन् । अविवाहित छोरी गर्भवति भएको थाहा पाएपछि उनका बाबु आमाले उनलाई घरबाट निकालिदिएका रहेछन् । घरबाट निकालिएर जिवन चलाउनै गाह्रो परिरहेको बेलामा धनाढ्य वृद्धलाई प्रेमजालमा पारी उनले बिहे गर्न सफल भइन् । तर त्यसरी बिहे गरेको वृद्ध आफ्नै हजुरबा होला भन्ने कुरा चाहीं उनले सायद कल्पना पनि गरेकी थिइनन् ।

समाचार अनुसार ती युवतीले आफ्ना हजुरबालाई जान्ने भएदेखि कहिल्यैपनि देखेकी रहेनछिन् । त्यसैले डेटिङ साइटमार्फत चिनजान भएर रेष्टुरेन्टमा भेटघाट गर्दा र सम्बन्ध अघि बढाएर बिहे गर्ने बेलासम्म पनि उनले आफ्नै हजुरबालाई चिन्न सकिनन् । हजुरबाले पनि आफ्नै नातिनीालई चिन्न नसक्दा पापको भागिदार हुनुपर्यो ।



### पहिलो आमा संग्रहालय

संसारमा अनेक खालका संग्रहालयहरु छन् । हाम्रै देशमा पनि सिक्कादेखि लिएर सर्पसम्मका संग्रहालय रहेका छन् । छिमेकी मुलुक भारतमा भने आमा संग्रहालय रहेको छ, जुन सायद दुनियाँकै पहिलो हो । आमाप्रति समर्पित यो संग्रहालयमा महिला तथा मातृत्वसँग सम्बन्धित विभिन्न ३५ हजार वस्तुहरु संग्रहित छन् । यो म्युजियम भारतको महाराष्ट्रस्थित मुम्बइ तथा पूणे जिल्लामा रहेको छ । यो संग्राहलयमा दक्षिण भारत र खासगरी मराठी संस्कृति र गृहस्थ जीवनमा प्रयोग हुने सदियौं पुराना चिजवस्तुहरु सुरक्षित राखिएको छ ।

### रेष्टुरेन्टको खानाले शरीर कुहियो

रेष्टुरेन्टको खाना खानु एकजना व्यक्तिका लागि यति महंगो सावित भएको छ कि उनले आफ्ना हात गुमाउनु परेको छ । यो घटना दक्षिण कोरिया हो । रेष्टुरेन्टमा गई सुशी नामक परिकार (माछा र भातबाट बनेको) खाएर फर्किएका एकजना व्यक्तिले जीवनमा कहिल्यै नसोँचेको परिस्थितिको सामना गर्नुपरेको छ ।


रेष्टुरेन्टबाट फर्केको १२ घण्टाभित्रै उनले आफ्नो हातको छाला कुहिन थालेको अनुभव गरे । हेर्दाहेर्दै उनको हत्केलामा ठूलो फोका उठ्यो । हत्केलाको माथिल्लो भागको छाला पनि गल्न थाल्यो अनि त्यस्तै बडेमाको फोका उठ्यो । दुई दिनसम्म उनले असहनीय पीडा झेले । त्यसपछि जब उनी डाक्टरकोमा पुगे तब उनको हात कुहिनुको कारण पत्ता लाग्यो । वास्तवमा मासु खाने ब्याक्टेरियाको संक्रमणका कारण उनको हात यस्तो भएको रहेछ । डाक्टरले तत्कालै उनको हातबाट पिप निकाले । तब त्यतिबेलासम्म ढिलो भैसकेको थियो । ती व्यक्ति पहिलेदेखि नै मधुमेहबाट पीडित थिए । उनी मिर्गौलाको पनि रोगी थिए । डाक्टरहरुले उनलाई सुईबाटै एन्टिबायोटिक्स



औषधि दिए, जसले उनको अवस्था झनै गम्भीर भयो । उनको अवस्था झनै बिग्रिदै गएको र हातको संक्रमणमा पनि सुधार नआएको हुँदा डाक्टरहरुले ती ७१ वर्षे वृद्धको ज्यान बचाउनका लागि उनको संक्रमित हात काट्न बाध्य भए । हात काटेर फ्याँकेसँगै ती व्यक्तिको स्वास्थ्यमा तीव्र गतिमा सुधार आयो । डाक्टरहरुका अनुसार सुशी खाएकै कारण ती मानिसमा छालाको संक्रमण भएको हो ।

### श्रीमती सुन्दर हुँदाको पीडा

श्रीमती धेरै सुन्दर हुँदा पनि कतिपय लोग्नेहरुलाई औडाहा हुँदो रहेछ । भारतमा एकजना युवकले आफ्नी पत्नी धेरै राम्रो भएको भन्दै उनीमाथि निकै घिनलाग्दो हर्कत गरेका छन् । आफ्नी



सुन्दर पत्नीमाथि सहरका मानिसहरुको गिद्दे नजर पर्ला कि भन्ने डरले सताएपछि ती युवकले पत्तीविरुद्ध डरलाग्दो कर्तूत गरे ।

भारतको मुम्बइको घटना हो यो । आरोपीको नाम राज रायकवार हो । उनीमाथि बलात्कार तथा यौनउत्पीडनको आरोप लागेको छ । अभियुक्त बलिउड फिल्म उद्योगमा काम गर्दछन् । उनी मुम्बईमा बस्दछन् भने उनको परिवार जबलपुरमा बस्ने गरेका छन् ।

राजले १२ वर्षअघि बिहे गरेका थिए र उनका २ बच्चा छन् । राजकी पत्नी निकै सुन्दर छिन् । जसका कारण राजलाई डर थियो कि पत्नीमाथि सहरका पुरुषहरुको गिद्दे नजर पर्नेछ । मनमा जरा गाडेको सोही डरका कारण उनले पत्नीको अनुहारमा आक्रमण गरे । त्यसका लागि उनले लामखुट्टे भगाउने क्वाइल राख्ने फलामको तिखो स्टाण्डले पत्नीको अनुहारमा प्रहार गरेर सख्त घाइते बनाए । राज विरुद्ध उनकी पत्नीले प्रताडना तथा दाइजोको मुद्दा दर्ता गराएकी छिन् । त्यसको दुईदिन अघिमात्र नाबालिकलाई बलात्कार गरेको आरोपमा प्रहरीले उनलाई पक्राउ गरिसकेको थियो ।

### स्तनको ४ सय ७० लिटर दुध दान

भनिन्छ रक्तदान जीवनदान हो । तर रक्तदान भन्दा महान दानचाहिँ आमाको स्तनको दुध रहेछ । नयाँ आमाहरुका लागि आफ्नो बच्चालाई स्तनपान



गराउनु साँच्चीकै चुनौतिपूर्ण कुरा हो । कतिपय सुत्केरी महिलाहरुको दुध नै नआउने वा बच्चालाई पुग्ने जति नआउने समस्या हुन्छ । जसका करण बच्चाले पर्याप्त स्तनपान गर्न नपाउने र पेट भर्नका लागि अनेक खाले खानेकुराको सहारा लिनुपर्ने हुन्छ । तर कहीं महिला यस्ता हुन्छन् जसले आमा बनेको बेला आफ्नो बच्चालाई मनग्गे पुग्ने मात्र होइन अरुलाई दान दिन समेत पुग्दछ ।

अमेरिकाको क्यालिफोर्नियामा बस्ने ताबिथा फ्रस्ट नामकी ती महिलाले अहिलेसम्म आफ्नो स्तनबाट निकालेको ४ सय ७० लिटर दुध दान गरिसकेकी छिन् । तीन बच्चाकी आमा फ्रस्टले बच्चा जन्माएको वर्षदिनसम्म हरेक दिन ३ लिटर भन्दा बढि दुध उत्पादन गर्दछिन् । जुन उनको बच्चालाई चाहिने भन्दा धेरै हो । त्यो धेरै हुने दुध उनले दुध चुस्न नपाएका अरु बच्चाका लागि दान गर्दछिन् ।

फ्रस्टका अनुसार उनले हरेक दिन आफ्नो दुध दुहिन्छिन् । चाहे यात्रामा होस् वा विरामी भएको बेला होस् उनका लागि दुध दुहिने काम फूल टाइम जागिर सरह छ ।


प्रेरक प्रसंग

## एडिसन र शिक्षकको पत्र

एक पटक एक केटा स्कूलबाट शिक्षकको पत्र लिएर आयो, जसमा लेखिएको थियो, तपाईको छोरो मन्द बुद्धिको छ । यसले पढ्नु व्यर्थ छ । यसलाई स्कूल नपठाउनु भए राम्रो । आमाले यो पत्र पढिन् । उनको आखाँमा आँशु आयो र पनि उनले आफ्नो छोरालाई सुम्सुम्याउदै भनिन्, 'चाहे स्कुलले तिमीलाई नपढाओस्, तर म पढाउनेछु तिमीलाई ।'

र, त्यही केटो ठूलो भएपछि विश्वका महान् वैज्ञानिक बने । उनको नाम थियो, थोमस एल्भा एडिसन (१८४७-१९३१) जसले बिजुलीको चिम, ग्रामोफोन, फिल्मी क्यामेरा लगायत हजारभन्दा बढी आविष्कार गरेका छन् । उनले विद्यालयमा जम्मा तिन महिना पढेका थिए ।

## समयको महत्व



अमेरिकाका प्रथम राष्ट्रपति जर्जवासिंगटनलाई समयको महत्व बुझ्ने मानिसको रूपमा विश्वभर उदाहरणस्वरूप प्रयोग गरिन्छ । उनलाई समयको मूल्य थाहा थियो । यसैले सदैव आफ्नो एक/एक पलको सदुपयोग गर्थे ।

एकपटक उनले आफ्ना केही साथीलाई भोजनका निम्ति निमन्त्रणा गरे । दिनको ३ बजेको थियो । संयोगवश पाहुनाहरू त्यो समयमा आएनन्, तब उनले एक्लै खाना खान सुरु गरे । केही बेरपछि आएका पाहुनाहरूलाई उनको यस्तो चाला देखेपछि नराम्रो लाग्यो ।

जर्ज वासिंगटनले भने, 'क्षमा गर्नुस् । खाना टेबलमा ल्याउनुअगाडि मेरो भान्सेले यो सोध्दैन कि पाहुना आए या आएनन्, केवल यो सोध्छ समय भयो या भएन ?' उनको यस्तो कुरा सुनेर पाहुना लज्जित भए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ । व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

### बृष

हतारको निर्णयले समस्या निम्त्याउन सक्छ । आत्मसम्मानका लागि मौन रहनु बेस होला । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला । भावना बुझ्न नसक्दा शुभचिन्तकहरू टाढिन सक्छन् । ठूलो आशा देखाउनेहरूबाट सावधान रहनुहोला । बोली व्यहारमा संयम रहँदै गरिएको युक्तिपूर्ण व्यवहारले फाइदा दिलाउनेछ ।

### मिथुन

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । सहयोगीहरूले साथ दिनेछन् भने पहिलेको सफलताले पनि हौसला प्रदान गर्नेछ । साँझतिर आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन् । बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ ।

### कर्कट

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ । केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ ।

### सिंह

परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्नेछन् । व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिचान गर्न सकिनेछ । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।

### कन्या

पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा पछि परिनेछ । सामाजिक उत्तरदायित्व प्राप्त भए पनि जिम्मेवारी पूरा गर्नमा बाधा हुनेछ । अवसरवादीहरूले कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । मिहिनेत गर्दा चुनौती चिर्दै काम बनाउन सकिनेछ । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ ।

### तुला

समय चुनौतीपूर्ण देखिए पनि सामान्य काम र जिम्मेवारी हात पार्ने मौका छ । लगनशीलताले अवसर दिलाउन सक्छ । श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । तर ढिलासुस्ती गर्दा वा आँटले काम लिन नसक्दा पछि परिनेछ ।

### बृश्चिक

काम गर्ने परिस्थिति अनुकूल नदेखिए पनि शुभचिन्तकहरूको साथले जिम्मेवारी प्राप्त हुन सक्छ । मिहिनेत गर्दा लगानी उठाउन सकिनेछ । आवश्यक गर्दा कर्जामार्फत धन प्राप्त हुनेछ । पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ । अवसरका लागि जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

### धनु

मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । रमाइलो क्षणमा पनि मन उदास रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ । आफन्तसँग जोगिएर काम लिनुपर्ला । निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । यात्राका क्रममा वादविवाद हुनाले उद्देश्य पूरा नहुन सक्छ ।

### मकर

अवसर आए पनि वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । आफ्नै सहयोगीहरू प्रतिस्पर्धामा उत्रिने समय रहेकाले सजग रहनुहोला । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । मिहिनेत गर्दा काम बनाउन सकिनेछ । बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । अधिकारका लागि केही जोखिम उठाउनुपर्ला ।

### कुम्भ

अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला । व्यवसायमा समेत फाइदा उठाउन समय पर्खनुपर्नेछ । योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत पर्ला । तापनि निराश नहुनुहोस्, मौका पर्खंदा स्थितिमा सुधार आउनेछ । आफ्नो धनमाल सुरक्षामा भने विशेष ध्यान पुर्‍याउनुहोला ।

### मीन

अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ । तापनि, साथीभाइले साथ दिनेछन् । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्यजनको सुझाव शिरोधार्य गर्नुहोला । आफन्तभन्दा सहयोगीका माध्यमबाट काम बनाउन सकिनेछ ।

## पोखरामा फिल्म मेकिङ वर्कशप

फिल्म लेखन र निर्माण सम्बन्धी शैक्षिक कार्यक्रम लिएर देश दौडाहामा रहेको कान्तिपुर फिल्म एकेडेमीको एक हप्ते फिल्म मेकिङ वर्कशप पर्यटकीय सुन्दर नगरी पोखरामा हुने भएको छ । यही भाद्र २४ गते देखि २९ गते सम्म हुने वर्कशप फोटोग्राफी, सिनेमाटोग्राफी, स्कृप्ट राईटिङ्ग, डाईरेक्सन र फिल्म निर्माणमा केन्द्रित हुनेछ । फिल्म सम्बन्धी इच्छा भएका र सिक्न चाहने जो कोही वर्कशपमा सहभागी हुन सक्ने कान्तिपुर फिल्म एकेडेमीका सिईओ प्रकाश पुरी बताए । नयाँ पुस्तालाई फिल्म मेकिङमा प्रोत्साहन गर्न वर्कशप आयोजना गरिएको पूरीको भनाइ छ ।

पोखरामा हुन लागेको उक्त वर्कशपका लागि 'हाईवे' तथा 'कालो पोथी' का राइटर अविनास बिक्रम शाह, सिनेम्याटोग्राफर बिष्णु कल्पित घिमिरे र कान्तिपुर फिल्म एकेडेमीका सिईओ प्रकाश पुरीले प्रशिक्षण दिनेछन् । वर्कशपमा सहभागी विद्यार्थीलाई हौसला तथा प्रोत्साहनका लागि कलाकार दिपकराज गिरी विशेष अथितीको रुपमा उपस्थित हुनेछन् । पछिल्लो समय सर्ट फिल्म, डकुमेन्ट्री फिल्म, वेभ सिरिज, म्युजिक भिडियो, टेलिभिजन कार्यक्रम, युट्युव प्रोग्रामलगायतका प्लेटफर्ममा राम्रो करियर र कमाई देखिन थालेपछि युवा पुस्तामा फिल्म मेकिङमा थप चासो बढेको पाइएको छ ।

## "ए मेरो हजुर ३" मा अनमोलको वर्कसप

सुपरस्टार अनमोल केसी चाँडै सातौं प्रोजेक्ट 'ए मेरो हजुर ३' मा व्यस्त हुँदैछन् । केही दिनमा नै उनले वर्कशप ज्वाइन गर्दैछन् । यो फिल्ममा उनको अपोजिटमा अभिनेत्री तथा निर्देशक झरना थापाकी छोरी सुहाना थापा छिन् । सांगीतिक कन्सर्ट 'अनमोल इभ' का लागि पोखरा पुगेको मौका छोप्दै फिल्मको मुहूर्त गरिएको थियो । शुभ साइतसँगै सो कन्सर्टमा फिल्मका लागि केही महत्वपूर्ण सिन पनि खिचिएको छ । कन्सर्टमा फिल्मको सुटिङ भइरहेको निकै कमलाई थाहा थियो । ५ हजार बढी दर्शक अनमोललाई हेर्न उपस्थित भएका थिए । स्टेज पछाडि मनिटरमा छोरी सुहाना र अनमोलको 'एक्सप्रेसन' हेर्न निर्देशक झरना व्यस्त थिइन् ।

छायाँकार सञ्जय लामाले 'अनमोल अनमोल' भन्दै फ्यानले हुटिङ गरेको माहोल खिचिरहेका थिए । हजारौं क्राउडको सबैभन्दा अगाडि सुहाना थिइन् । हातमा कालो रंगको ज्याकेट बोकेकी उनको छेउमा केही युवतीहरुले अनमोलको तश्बिर अंकित प्ले कार्ड लिएर चिच्याइरहेका थिए । यसअघि अनमोलको बुटवलमा पनि कन्सर्टमा भएको थियो । उनले पोखरामा भने 'पशुपतिको जात्रा सिद्राको व्यापार' एकैपटक गरे । 'ए मेरो हजुर ३' मा आफ्नो भागको सिनका लागि पोखरा कन्सर्टमा उनी सर्लक्क कोरिएको कपाल, आकर्षक मेकअप र स्टाइलिस पहिरनमा स्टेज चढेका थिए । सुहानाले उक्त फिल्ममा अनमोलको फ्यानको भूमिका निर्वाहा गरेकी छन् । एक चर्चित गायक र एक युवती फ्यानको प्रेमकथा फिल्मले वाचन गर्ने बताइएको छ । फिल्ममा अनमोल 'प्रेम' को भूमिकामा छन् ।

## टुँडिखेलमा देउडा नाच

चलचित्र 'रामकहानी'को प्रचारमा जोडतोडका साथ लागेका यसका मुख्य कलाकार सोमबार बेलुकी काठमाण्डौको टुँडिखेलमा आयोजना भएको गौरा पर्वमा पुगे । नायिका पूजा शर्मा, नायक आकाश श्रेष्ठ, कलाकारहरु जितु नेपाल, राजाराम पौडेल हजारौ दर्शकको विचमा पुग्दा दर्शकले पनि ताली बजाएर स्वागत गरेका थिए । देशका चर्चित नेताहरु समेत उपस्थित भएको गौरा पर्वको कार्यक्रममा पुगेका कलाकारले दर्शकसँग चलचित्रको बिषयमा कुरा कुरे । उनीहरुले, नेताहरुसँगै देउडा नाँच समेत नाचेका थिए । टुँडिखेलमा उपस्थित दर्शकमाझ चलचित्रको बिषयमा कुरा गर्न पाउँदा खुशी लागेको नायिका पूजा शर्माले बताइन् ।

कार्यक्रम सकिएपछि उनीहरुलाई कार्यक्रम स्थानबाट बाहिरिन हम्मे हम्मे परेको थियो । फ्यानहरुले सेल्फी खिच्नका लागि तछाडमछाड गर्दा केही समय पूजा र आकाश भीडमै अल्झिएका थिए । सुदर्शन थापा निर्देशित यो चलचित्र शुक्रबारदेखि रिलिज हुँदैछ । कमेडी तथा लभ स्टोरी कथामा निर्माण भएको चलचित्र हेर्न आफूहरु उत्साहित भएको दर्शकहरुले प्रतिक्रिया दिएका थिए ।

## "कथा काठमाण्डु" को ट्रेलर

चलचित्र 'कथा काठमाण्डु'को ट्रेलर सार्वजनिक भएको छ । काठमाण्डौमा आयोजना भएको पत्रकार सम्मेलनमा चलचित्रको ट्रेलर यसको निर्माणपक्षले सार्वजनिक गरेको हो । चलचित्रमा समावेश 'रातको कुरा' बोलको गीत सार्वजनिकसँगै यसले खुबै चर्चा पाएको थियो । संगीता श्रेष्ठको निर्देशनमा तयार भएको चलचित्रलाई विजय राइले निर्माण गरेका हुन् । चलचित्रको ट्रेलरमा पैसाको लागि जे पनि गर्ने एक पात्र, मोडल पेशामा आवद्ध भएपनि माया कमाउन नसकेकी यूवती, कलेजका यूवायूवती र एक जोडीको प्रेमलाई देखाइएको छ ।

असोज ५ गतेबाट रिलिज हुने चलचित्रले काठमाण्डौ भित्रको विभिन्न पाटोलाई उठान गर्न खोजेको छ । चलचित्रमा प्रियंका कार्की र प्रमोद अग्रहरि, संजोग कोइराला र सन्ध्या केसी, आयुष्मान देशराज जोशी र प्रेक्षा अधिकारीको जोडीलाई देख्न सकिन्छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Inchoate = प्रारम्भिक अवस्थाको, अव्यवस्थित Before the construction took place, the site seemed like inchoate mass (निर्माण सुरु गर्नुअघि निर्माण स्थल ज्यादै अव्यवस्थित देखिन्थ्यो)

Jocular = ठट्यौलो पाराको Not everyone does like his way of making jocular remarks (कसैले पनि उसको ठट्यौलो पाराले गर्ने अभिव्यक्ति मनपराउँदैनन्)

Kaput = बिग्रनु The car is kaput, now we have to walk (कार बिग्रेको छ, अब हामी हिँड्नु पर्दछ)

Lumber = गह्रुँगो तर हाँसो उठ्दो पाराले हिँड्नु As he is too fat, he lumbers like a bear (ऊ चाहिनेभन्दा बढी मोटो भएको हुँदा भालुले जस्तै हाँसो उठ्दो पाराले हिँड्छ)

Myriad = ठूलो संख्यामा Myriad of locusts invaded the paddy field (सलहको बथानले धानको खेतमा आक्रमण गर्‍यो)

Notable = उल्लेख गर्न योग्य His success can be regarded as notable (उसको सफलतालाई उल्लेख गर्न योग्य मान्नुपर्दछ)

Outwit = चलाखीपूर्ण तरिकाले छक्याइदिनु By disguising himself as a beggar, the underground leader was able to outwit the police and escape (माग्नेको भेषमा भएका भूमिगत नेता प्रहरीलाई चलाखिपूर्ण तरिकाले छक्याई भाग्न सफल भए)

Plethora = आवश्यकताभन्दा बढी She offered plethora of excuses for a simple mistake she committed (आफूले गरेको सानो भूलको लागि उनले आवश्यकताभन्दा बढी माफ मागिन्)

Quash = दबाउनु As the student movement went out of control, authority decided to quash it (जब विद्यार्थी आन्दोलन नियन्त्रणभन्दा बाहिर गयो, अधिकारीहरूले आन्दोलन दबाउने निर्णय गरे)

Reverent = आदरयोग्य पूजनीय Although he bows before the god, he does not feel it properly reverent (देउताको अगाडि झुके पनि ऊ देउतालाई पुजनीय मान्दैन)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

**नेपालको पहिलो लेखा तथा सार्वजनिक हिसाब किताब राख्ने कार्यालयको स्थापना कहिले र कहाँ भयो ?**
- सन् १७७१, कुमारी चोक

**नेपाली भाषामा द्रविड शब्दबाट आएको एक मात्र शब्द छ त्यो के हो ?**
- जाँगर

**राजा विक्रमादित्यको अर्को नाम के हो ?**
- चन्द्रगुप्त द्वितीय

**पहिलो 'कमन वेल्थ गेम्स' कहिले र कहाँ भएको थियो ?**
- क्यानाडाको हमिलटनमा, सन् १९३०

**अमेरिकामा ससाना राज्य जम्मा कतिवटा छन् ?**
- ५० राज्य

**इंग्ल्यान्डप्रति घृणा गर्ने व्यक्तिलाई अंग्रेजीमा के भनिन्छ ?**
- इन्लोफब

**क्रिकेट बलको तौल कति हुन्छ ?**
- ५.५ औंस

**इंग्लिस च्यानलमाथि दौडने प्रथम व्यक्ति को हुन् ?**
- म्याथेव वेभ

**त्रिदेव भन्नाले ब्रह्म, महेश्वर बुझिन्छ भने त्रिपिटक भन्नाले के बुझिन्छ ?**
- सूत्र, विनय र अभिधर्म

**बिरूवाको बुद्धिको लागि सबभन्दा उपयुक्त तत्व कुन हो ?**
- नाइट्रोजन

**तृतीय विश्वशान्ति शिखर सम्मेलन कहाँ सम्पन्न भयो ?**
- वाशिंगटन

**जीवन उत्पत्तिको दिशामा सबभन्दा पहिले कुन कार्बन पदार्थको संश्लेषण भएको थियो ?**
- प्रोटिन र अमिनो

## Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Take something with = सँगै राख्नु, Do not forget to take your umbrella with in rainy season वर्षादको समयमा छाता आफैसँग राख्न नबिर्स ।

Take for = राख्नु Let me take your computer for another week अर्को एक हप्ताका लागि तिम्रो कम्प्युटर मकहाँ नै राख्न देऊ ।

Take by = मै लैजानु She takes her children to school by car तिनले आफ्ना बच्चाबच्चीलाई कारमै स्कुल लैजान्छिन्

Take to = सम्म पुर्‍याउनु Her effort took her to that level उनको प्रयासले उनलाई त्यो तहसम्म पुर्‍यायो ।

Take away in = राखेर लैजानु The police took the accused away in the van प्रहरीले अभियुक्तलाई भ्यानमा राखेर लग्यो ।

Take up = माथि लैजानु Teke this cupboard up to second floor यो दराजलाई दोस्रो तलामा लैजाऊ ।

Take from = बाट लिनु She tends to take pocket expenses from her elder brother तिनले आफ्नो पकेट खर्च दाजुबाट लिने गर्छिन् ।

Take out = निकाल्नु He opened the suitcase and took out his suit उसले सुटकेस खोलेर सुट निकाल्यो ।

Take as = रुपमा लिनु Please take this amount as my support कृपा गरेर यो रकम सहयोगको रुपमा लिउ ।

Take after = जस्तै हुनु She takes more after mother than father तिनी बुबाभन्दा पनि बेसी आमा जस्ती छिन् ।


## सुडोकु-अंक ११८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | | | | | |
| | ९ | | | ४ | | | ५ | |
| | | ८ | | | ९ | १ | | |
| | | ३ | | २ | | | | ७ |
| | ७ | | ३ | ९ | १ | | ८ | |
| २ | | | | ८ | | ९ | | |
| | | १ | २ | | | ६ | | |
| | ६ | | | ५ | | | ७ | |
| | | | | | ३ | | | |

## अंक ११७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | ८ | ६ | २ | ३ | ७ | ४ | ५ |
| ३ | ४ | ६ | ९ | ५ | ७ | १ | २ | ८ |
| ५ | २ | ७ | ८ | ४ | १ | ३ | ९ | ६ |
| २ | ३ | ५ | ७ | ९ | ८ | ६ | १ | ४ |
| ७ | ८ | ९ | १ | ६ | ४ | २ | ५ | ३ |
| १ | ६ | ४ | २ | ३ | ५ | ८ | ७ | ९ |
| ८ | ९ | ३ | ४ | १ | २ | ५ | ६ | ७ |
| ६ | ५ | २ | ३ | ७ | ९ | ४ | ८ | १ |
| ४ | ७ | १ | ५ | ८ | ६ | ९ | ३ | २ |

# परियोजना समीक्षा बैठकका झलक












## हार्दिक श्रद्धाञ्जली



हाम्रा अनन्य मित्र खगेन्द्र ढकालकी ममतामयी माता **मायादेवी ढकाल**को यही २०७५ साल भदौ १४ गते दुखद निधन भएकोमा मृतात्माको चीरशान्तिको लागि प्रार्थना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

**सुरेन्द्र ढकाल**

ग्रेटर नेपाल साप्ताहिक

तथा

रोटरी क्लव डिल्लीबजार

परिवार

## परियोजनाको समिक्षा बैठक सम्पन्न

भक्तपुर । भक्तपुर बाल विकास समाजको आयोजनामा तथा सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित नेपालमा रहेका ईट्टा उद्योगमा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजनाको समिक्षा बैठक यहि भाद्र महिनाको ११ र १२ गते गोकर्ण फरेस्ट रिसोटमा सम्पन्न भएको छ । कार्यक्रममा बाल विकास समाजका महासचिव तथा कोषाध्यक्ष, परियोजनाका कर्मचारीहरु र सेभ द चिल्ड्रेनका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । समिक्षाको पहिला दिनमा यस परियोजना अक्टुबर सन् २०१७ देखि अगष्ट सन् २०१८ सम्म संचालन भएको हुदाँ सो अवधिमा परियोजनाको उपलब्धी, समस्या, सिकाई आदिको बारेमा परियोजनाको कार्यक्रम व्यवस्थापक प्रयसा के.सीले बताइन् । साथै सेभ द चिल्ड्रेनको साझेदारीमा ईट्टा उद्योगमा निरन्तर ५ वर्ष सम्म अन्य परियोजना संचालन भैसकेको हुदाँ उक्त परियोजनाले ल्याएको उपलब्धीको बारेमा समेत समिक्षा गरिएको थियो । साथै पाँच वर्ष अवधि भरिमा कर्मचारीहरुले परियोजना संचालन गर्ने दैरानमा सिकेका सिकाई भोगाई तथा समस्याहरुको बारेमा सेरिङ्ग गरेका थिए साथै अवका दिनमा संस्थाले ईट्टा उद्योगमा गर्नु पर्ने कार्यको बारेमा सल्लाह सुझाव दिएका थिए । समाजको कोषाध्यक्ष सुरेन्द्र ढकालले यस परियोजना एक रिसर्च भएको हुदाँ हामीले यस रिसर्चबाट पुर्ण सफलता प्राप्त गर्‍यौं भन्नुभयो । जुन रिसर्चमा कार्यक्रम स्रोत र गन्तव्य जिल्लाहरुमा काम गर्दा प्रभावकारी हुन्छ भनेकोमा यस परियोजनाले सोहि अनुरुप प्रभावकारी भएको पाइयो । जब आमाहरुलाई शिक्षित बनाई उनीहरुलाई व्यवसाय गर्न सिकायो भने उनीहरुको हातमा पैसा हुन्छ जसले गर्दा उनीहरुले आफ्ना छोराछोरीलाई चाहिने कलम, कापी, विद्यालयको अन्य शुल्क तिर्न सक्षम हुनेछन् र उनीहरुले शिक्षाको महत्व बुझि आफ्ना छोराछोरीहरुलाई नियमित विद्यालयल जाने वातावरणको सृजना गर्नेछन् भनि स्रोत जिल्लामा स्वरोजगार शिक्षा कक्षा संचालन गरेको जुन कार्यक्रमले पुर्ण सफलता प्राप्त गरेका कुरा ढकालले बताउनु भयो । त्यस्तै गन्तव्य जिल्लामा भक्तपुर ईट्टा उद्योग व्यवसायी संघ र स्थानीय व्यवसायीहरुसँग परस्पर समन्वय र सहकार्य गर्दै जादा काम गर्न समस्या नपर्ने कुरा यति खेर यर्थाथमा परिणत भयो कि भक्तपुर जिल्ला १० वटा ईट्टा उद्योगलाई बालश्रम ईट्टा धोषणा हुनु र परियोजले संचालन गरेको सबै शिशु स्याहार केन्द्रहरुलाई व्यवसायीहरु आफैले निरन्तरता दिएका छन् । त्यस्तै दोस्रो दिन सेभ द चिल्ड्रेनको डिल्ली गुरागाईले बालबालिका सम्बन्धि बनिरहेको एन तथा कानूनको विषयमा जनाकारी गराउनु भयो । त्यस्तै समाजका कृष्ण सुवेदीले टिम को परिभाषा दिदै समुह कार्यले सफलता मिल्ने कुराको बारेमा जानकारी गराउनु भयो । त्यस्तै समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले व्यवस्थापन सम्बन्धि विषयमा जानकारी गराई समिक्षा कार्यक्रमको समापन गरियो ।

**प्रस्तुति : भरत थापा**

ग्रेटर नेपाल
का.जि.का. द.नं.३४६/०६९/७०
वर्ष ७ अंक २१, २०७५ साल भदौ २२ गते शुक्रबार



## प्रकाण्डको...

बुधबार उनलाई बयानका लागि भोजपुर जिल्ला अदालत लगियो । झन्डै महिना दिनसम्म उनलाई रिहा गर्ने फेरि अर्को मुद्दामा पक्राउ गर्ने उपक्रम चलिरह्यो । भोजपुरबाट दाङ पुर्‍याउँदा समेत यो क्रम जारी छ । व्यवस्थापिका र न्यायपालिकाका बीचमा रहेका प्रकाण्डको मुद्दा कहिले छिन्ने हो यकिन छैन ।

२२ साउनमा प्रकाण्ड र उनका सहयोगी हरिशचन्द्र आचार्य र गाडी चालक मिनबहादुर श्रेष्ठ दक्षिणकालीबाट पहिलो पटक पक्राउ परेका थिए । भोलिपल्ट म्याद

थपका लागि काठमाडौं जिल्ला अदालत लगियो । प्रकाण्डलाई गिरफ्तार गरेपछि कपनस्थित उनको डेरामा प्रहरीले छापा मार्‍यो । पार्टीका पोलिटब्युरो सदस्य मोहन कार्की र कृष्ण धमला नागढुंगाबाट समातिए । उनीहरुसहित पोलिटब्युरो सदस्य पदम राई र ओमप्रकाश पुन पनि समातिए । गृह प्रशासनले गैरकानुनी रुपमा थुनामा राखेको भन्दै निवेदकको मागअनुसार मुक्त गर्नु भन्दै अदालतले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्‍यो ।

सर्वोच्चको रिहा गर्ने आदेश लगत्तै प्रकाण्डलाई अर्को मुद्दा लगाएर नुवाकोट पुर्‍याइयो । नुवकोट अदालतले तीन दिन थुनामा राख्न म्याद थप गर्‍यो । उनलाई स्काभेटर जलाएको आरोप लगाइयो । प्रकाण्ड लगायत चन्द्र विश्वकर्मा, धर्मेन्द्र बाँस्तोला, सन्तोष बुढामगर, हेमन्तप्रकाश ओली, उमा भुजेल, चन्द्रबहादुर चन्द, मोहनबहादुर कार्की, मोहनलाल चन्द, उदय चलाउने, सविता तामाङ, सागर तिमिल्सिना, कृष्ण धमलालाई स्काभेटर जलाएको मुद्दा लगाइएको छ । सुरुमा प्रकाण्डलाई चन्दा असुल गरेको आरोपमा गिरफ्तार गरिएको गृह प्रशासनको भनाइ थियो । उनलाई बिस्फोटक पदार्थ, आगजनी र ज्यान मार्ने उद्योगको मुद्दा भोजपुर जिल्ला अदालतमा दर्ता गरेर भोजपुर लगियो । सर्वोच्च अदालतले थुनामुक्त गर्न आदेश दिएको भोलिपल्टै विराटनगर विमानस्थल हुँदै उनलाई भोजपुर पुर्‍याइयो । यसअघि प्रकाण्डलाई काठमाडौं, काभ्रे र नुवाकोटमा विभिन्न अभियोगमा मुद्दा चलाइएको थियो । बुधबार भोजपुर अदालतले ६० हजार धरौटीमा रिहा गरेलगत्तै प्रकाण्डलाई दाङ लगिएको छ ।

सर्वोच्च अदालत र जिल्ला अदालतले प्रकाण्डलाई पटक पटक रिहा गर्ने आदेश दिन्छ उनी रिहा हुन्छन् लगत्तै प्रहरीले पक्राउ गर्छ । यसबारे उनले भनिसकेका छन्- मलाई शारीरिक नभए पनि मानसिक यातना दिइयो । गृह प्रशासनले प्रकाण्डलाई दाङबाट फेरि कता लैजाने हो पत्तो छैन । प्रकाण्डको गिरफ्तारी गृहमन्त्री बादलको प्रशासनिक कमजोरी मानिएको छ । तालिम प्राप्त लडाकु र अत्याधुनिक हतियारसहितको विप्लव नेतृत्वको नेकपासँग डराएर प्रकाण्डलाई एक टुरिस्टका रुपमा सरकारले कहिलेसम्म नेपाल दर्शन गराइरहने हो सर्वत्र उत्सुकता प्रकट गरिँदैछ ।

## १२८ मुलुक...

व्यापारघाटा भारत र चीनसँग छ । भारतबाट मात्र ८ खर्ब १० अर्ब ९० करोड ४८ लाख ३१ हजार रुपैयाँको आयात भएको छ । निर्यात ४६ अर्ब ६० करोड ४९ लाख ५६ हजार मात्रै भएपछि भारतसँगको व्यापारघाटा ७ खर्ब ६४ अर्ब ३० करोड ५ हजार रुपैयाँ पुगेको छ ।

चीनबाट गत वर्ष नेपालमा १ खर्ब ५९ अर्ब ९८ करोड ३ लाख १६ हजार रुपैयाँका सामग्री आयात भएका छन् । त्यसतर्फ २४ अर्ब ३७ करोड ७४ लाख ४४ हजार रुपैयाँका नेपाली सामग्री निर्यात भए जसले गर्दा चीनसँगको व्यापारघाटा १ खर्ब ५७ अर्ब ५४ करोड २५ लाख ७२ हजार रुपैयाँ पुगेको छ । १ अर्बभन्दा बढी व्यापारघाटा हुने मुलुकहरुको संख्या ३४ छ । स्वदेशी उत्पादनको वृद्धि र प्रवर्द्धनात्मक कार्यक्रम हुन नसक्नु, उत्पादन भएका सामग्री निर्यात हुन नसक्नु र आयातित सामग्रीहरुमा परनिर्भरता बढिरहेकाले बर्सेनि व्यापारघाटा चुलिरहेको छ । अघिल्लो वर्षको तुलनामा २७ दशमलव ५३ प्रतिशतले व्यापारघाटा वृद्धि भई ११ खर्ब ६२ अर्ब १० करोड ४ लाख ६ हजार रुपैयाँ पुगेको छ ।

अघिल्लो वर्ष ९ खर्ब ११ अर्ब २६ करोड ६७ लाख ४ हजार रुपैयाँ मात्र व्यापारघाटा थियो । आयातमा निरन्तर वृद्धि र निर्यातमा निरन्तर ओरालोका कारण व्यापारघाटा बढ्दैछ । गत वर्ष पनि आयातका तुलनामा निर्यात निकै न्यून रह्यो । नेपालबाट सबैभन्दा बढी निर्यात भएको वस्तु कफी हो । ९ अर्ब २० करोडको कफी निर्यात भएको छ । त्यसपछि क्रमशः ८ अर्ब ४६ करोडको तयारी धागो, ७ अर्ब ३८ करोडको गलैंचा, ६ अर्ब २८ करोडको तयारी कपडा र ५ अर्ब १६ करोडको फलाम तथा स्टिल निर्यात भएको छ । विभागका अनुसार २६ दशमलव ३१ प्रतिशतले आयात वृद्धि भएको छ भने निर्यात ११ दशमलव १७ प्रतिशतले वृद्धि भएको छ ।

## भारतले...

लिएर दाउ लगाइरहेको छ उनीहरू विश्वासगर्न योग्य छैनन् ।' इन्दिराले जवाफमा उनले कुरा गरिरहेका राजनीतिज्ञहरू जनताले चुनेका प्रतिनिधि हुन् भनिन् । चोग्याल अरू केही कुरा गर्न खोज्दै थिए, इन्दिरा चुप लागिन् । इन्दिराले मौनतालाई नकारात्मक प्रतिक्रियाका रूपमा प्रयोग गर्न खप्पिस थिइन् । उनी जुरुक्क उठिन् र आफ्ना दुई हात जोडेर रहस्यपूर्ण ढंगले मुस्कुराइन् । चोग्याल बिदा हुन सक्छन् भन्ने इशारा थियो त्यो । रोचक त यो थियो यी तिनै चोग्याल थिए जो सन १९५८ मा जवाहरलाल नेहरूका अतिथि बनेर दिल्ली आएका थिए र उनकै निवासस्थान तीनमूर्ति भवनमा बसेका थिए । राजा चोग्याल अनौठो र इमानदार व्यक्तित्वका धनी थिए उनले कहिले पनि सिक्किमको पृथक पहिचानसँग सम्झौता गरेनन् । दास भन्छन, उनले एकपटक मात्रै चोग्याललाई हार स्वीकार गरेको देखे । उनका छोरा तथा उत्तराधिकारीको दुर्घटनामा निधन भएपछि उनले आत्महत्याको प्रयास गरेका थिए । यसैबीच उनकी पत्नी होप कुक पनि आफ्ना दुई बच्चालाई लिएर चोग्याललाई छाडेर गइन् । उनलाई यो सबै झेल्न निकै मुस्किल भयो । सन १९८२ मा क्यान्सरबाट कुकले ज्यान गुमाइन् । जब सिक्किमलाई भारतमा विलय गराउने प्रक्रिया सुरु भयो चीनले त्यसको तुलना सन् १९६८ मा रुसले चेकोस्लोभाकियामाथि गरेको आक्रमणसँग गर्‍यो । त्यसवेला इन्दिरा गान्धीले चीनले तिब्बतमाथि गरेको आक्रमणको सम्झना गराइन् ।

भुटान भने खुसी भयो किनभने उसलाई लाग्यो अब सिक्किमसँग जोडेर आफूलाई हेरिँदैन । तर, सबभन्दा बढी विरोध नेपालमा भयो । सिक्किममा सबैभन्दा बढी ७५ प्रतिशत जनसंख्या नेपाली मूलका व्यक्तिहरूको थियो । भारतभित्र धेरै स्थानमा त्यसको विरोध भयो । जर्ज वर्गिजले हिन्दुस्तान टाइम्समा 'अ मर्जर इज अरेन्ज्ड' भन्ने शीर्षक दिएर सम्पादकीय लेखे । 'जनमत संग्रह यति हतारमा गराइयो कि यो पूरा प्रक्रिया सन्देहको घेरामा पर्‍यो । जनमत संग्रहमा यस्तो प्रश्न सोधियो, तपाइँ चोग्यालको पद समाप्त गरिँदै छ र सिक्किम भारतको हिस्सा बन्दै छ भन्नेमा सहमत हुनुहुन्छ ? यी दुवै अलग-अलग मुद्दा थिए जसको आपसमा कुनै सम्बन्ध थिएन । आश्चर्य यो गान्धी तथा नेहरूको देशबाट भइरहेको छ ।'

सिक्किमलाई भारतले कब्जा गर्दा राजनेताका साथमा भारतको गुप्तचर एजेन्सी रअ ले पनि महत्वपूर्ण भूमिमा खेलेको थियो । दास त्यसवेला विभिन्न भोजहरूमा रअका अधिकारीसँग भेट भएको बताउँछन् । उनी भन्छन्, 'म उनीहरूसँग सोध्थेँ मलाई बताउनुस् न के भइरहेको छ । तर, उनीहरू मलाई केही बताउँदैन थिए । एकदिन उनीहरू मेरो घर आए र भने माफ गर्नुहोला हामी तपाईंसँग कुनै कुरा गर्न सक्दैनौं । हामीसँग निर्देशन छ कि मुख्य कार्यकारी अधिकारीलाई सिक्किममा भइरहेको कुनै घटनाको बारेमा नबताइयोस् किनभने उसले आफूसँग भएको जानकारी चोग्याललाई बताउन सक्छ । म तपाईंलाई इमानदारीका साथ भन्छु अन्तिम दिनसम्म सिक्किममा के भइरहेको छ भन्ने मलाई भारतको गुप्तचर एजेन्सीबाट कहिल्यै जानकारी दिइएन । इन्दर मल्होत्रा ठान्छन् रअको सिक्किम कब्जामा निर्णायक भूमिका अवश्य थियो तर त्यसबारे राजनीतिक नेतृत्वले दिशानिर्देश गरेका थिए । इन्दिरा गान्धीले रअका प्रमुख रामनाथ काव, पिएन हक्सर र पिएन धर सम्मिलित बैठक बोलाएकी थिइन् । कावसँग सल्लाह माग्दा उनको जवाफ थियो, 'मेरो काम सरकारको निर्णय कार्यान्वयनमा ल्याउने हो सल्लाह दिने होइन ।'

दास भन्छन, 'यो पूरा प्रकरणमा इन्दिरा गान्धीलाई सबै जानकारी दिइएको थियो भन्ने हामीलाई विश्वास छ । मैले इन्दिरा गान्धीसँग ११ वर्ष काम गरेको छु । कसैले उनीसँग निहुँ खोजेको छ भने उनी त्यसलाई माफ गर्दिन थिइन् । राजा चोग्याललाई कहिल्यै पनि बदल्न सकिन्न भन्ने उनलाई लागेको थियो । सम्पूर्ण सिक्किम प्रकरणमा उनी प्रमुख नायिका थिइन् हामी त उनका सहयोगी मात्र ।'

सिक्किमलाई भारतको २२औँ राज्य बनाउन संविधान संशोधन विधेयक २३ अप्रिल १९७५ मा लोकसभामा पेस गरिएको थियो । सोही दिन २९९-११ मतले उक्त विधेयक पारित गरिएको थियो । राज्यसभाबाट उक्त विधेयक २६ अप्रिलमा पारित भयो र १५ मे, १९७५ मा जब राष्ट्रपति फखरुद्दिन अली अहमदले यो विधेयकमा हस्ताक्षर गरे र नामग्याल राजवंशको शासन समाप्त भयो ।

## अपराधीले...

सीमाविद् बुद्धिनारायण श्रेष्ठले नेपाल भारतबीचको सीमा खुला मात्र नभएर हवाङ्गै भएको बताए । अवाञ्छित तत्वले खुला सीमाको हदैसम्म दुरुपयोग गरेको बताउँदै श्रेष्ठले खुला सीमाकै कारण लागूपदार्थ ओसारपसार र आतंकवाद, नक्कली नोटको कारोबार बढिरहेको बताए । श्रेष्ठले आफ्नो स्वार्थका लागि चीनले पनि नेपाली सीमामाथि धावा बोलेको भन्दै लिपुलेकमा भारत चीनबीच दुईपक्षीय सम्झौता हुनु यसैको परिणाम भएको बताए । नेपाल र भारतबीच खुला सिमाना बनाउने बारेमा कहीँ कतै सहमति नभएको दाबी सीमाविद श्रेष्ठले गरे । नेपालको काठ, ढुंगा, बालुवा, जडीबुटी सहज रुपमा भारत लैजान भारतले सीमा खुला बनाउँदै लगेको बताउँदै श्रेष्ठले पछिल्लो समय भारतले पनि सीमा नियमन गर्ने कुरा गर्न थालेको बताए ।

डेनमार्कका लागि पूर्व राजदूत विजयकान्त कर्णले खुला सिमाना सीमा क्षेत्रका नागरिकको जीविकोपार्जनसँग जोडिएकाले हचुवाका भरमा सीमा बन्द गर्नु नहुने बताए । उनले खुला सीमा दुवै देशका लागि ठूलो अवसर भएको दाबी गरे ।

ब्राजिलका लागि पूर्व राजदूत प्रधुम्नविक्रम शाहले वैज्ञानिक ढंगले सीमा नियमन गर्नुपर्ने विचार राखे । परराष्ट्र मामिलासम्बन्धी अध्ययन गरेकी डा. इन्द्रकुमारी अधिकारीले खुला सीमाको फाइदा नेपाललाई भन्दा भारतलाई बढी भएको बताइन् । उनले सीमाका विषयमा अरुलाई मात्र दोष दिनुभन्दा पनि आफ्ना संयन्त्र मजबुत बनाउनुपर्ने आवश्यकता रहेको बताइन् ।

काठमाडौं विश्वविद्यालयका प्राध्यापक डा.उद्धव प्याकुरेलले खुला सीमा नेपाल भारतबीचको लाइफ लाइन भए तापनि सबै समस्याको दोष खुला सीमामाथि लाग्ने गरेको बताए । उनले खुला सीमाकै कारण नेपालका राजनीतिज्ञहरुले समेत विभिन्न कालखण्डमा भारतमा आश्रय लिएको बताए ।

नेपाली सेनाका पूर्व सहायक रथी डा. उमेश भट्टराईले नेपालीहरु भूराजनीतिमा कमजोर भएकाले बेला बेला समस्या आउने गरेको बताए ।

## नेपालको...

मच्चायो । रअको मूलभूत उद्देश्य थियो नेपालको तराईलाई भारतीय मानचित्रमा मिलाउने । यसलाई सफलीभूत बनाउन रअले विभिन्न थरीका मधेसी दल खडा गर्‍यो र मेचीदेखि महाकालीसम्मको तराई भूभागलाई एक मधेस एक प्रदेश बनाउने नीति अपनायो । तराईको हिंसात्मक आन्दोलनलाई मत्थर गर्न र आफ्नो सत्ता आयु लम्ब्याउन गिरिजाले अन्तरिम संविधानमा संशोधन गर्दै संघीयतालाई संविधानमा प्रवेश गराए । यसपछि त रअ मधेसी दलहरुमा मज्जासँगले आत्मनिर्णयको अधिकारसहितको समस्त तराई भूभागलाई समेट्दै एक मधेस एक प्रदेशको विखण्डनकारी एजेन्डा प्रवेश गरायो । भारतद्वारा थोपरिएको संघीयताको सकसको दुष्चक्रमा देश यतिबेला फसेको छ । जनता केन्द्र, प्रदेश र स्थानीय तीनवटै तहले थुपारेका करको कहरले आजित भएका छन् ।

नेपालमाथि आइक्रोमेनेजमेन्ट गर्दै आएको भारतले पछिल्लो पटक बिमस्टेक शिखर सम्मेलनपछि नेपाललाई फसाइदिएको छ । सर्वविदित छ नेपालले असंलग्न परराष्ट्र नीति अवलम्बन गरेको छ । तर अहिले भारतले यसलाई झूटो प्रमाणित गरिदिँदैछ । बिमस्टेक सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिमस्टेक सदस्य देशहरुले भारतीय भूमिमा संयुक्त सैन्य अभ्यास गर्ने प्रस्ताव गरे । नेपाल तुरुन्त राजी भयो । नेपालले सैन्य अभ्यासमा सहभागी हुन नसक्ने कारण राख्न सकेन ।

तीनतिर भारत र उत्तरतर्फ विशाल चीनबीच नेपालको भूअवस्थिति रहेको छ । चीन र भारत दुवैसँग समदुरीको कूटनीतिक सम्बन्ध नेपालले कायम गर्नुपर्नेमा कूटनीतिक सम्बन्धको तराजु भारततिर ढल्किएको संयुक्त सैन्य अभ्यासमा नेपालको सहभागिताले प्रस्ट पार्छ । बिमस्टेक सदस्य राष्ट्रका ३०-३० जना विभिन्न सैन्य अधिकारीले भाग लिने गरी यही १२ सेप्टेम्बर महाराष्ट्रको पुणेमा हुने बिमस्टेक देशको संयुक्त सैन्य अभ्यासले नेपालको विदेश नीतिमा नकारात्मक असर पर्ने पक्कापक्की छ । तर प्रधानमन्त्री केपी ओली भन्दैछन्- अभ्यास होइन, यो सैन्य तालिम हो । उनले सार्वभौम संसदलाई समेत यस विषयमा सरेआम गुमराहमा राख्ने कोसिस गरेका छन् । तर सो सैन्य अभ्यास केवल सामान्य प्राविधिक तालिम र सूचना आदानप्रदानमा मात्र सीमित छैन । भारत बिमस्टेक सैन्य अभ्यासलाई क्षेत्रीय सैन्य संगठन रुप दिने र यसको नेतृत्व आफूले गरेको सन्देश प्रवाहित गर्न खोजिरहेको प्रस्ट छ । यो विषय नेपाल सरकारले छिपाएर छिप्न सक्दैन । भारत आफ्नो प्रभुत्व दक्षिण एसियामा मात्र होइन, दक्षिणपूर्वी एसियामा समेत फैलिएको विश्व राजनीतिक मञ्चमा रवाफ दिन खोजिरहेको छ । हाम्रा प्रधानमन्त्रीले भनेको जस्तो सैन्य तालिम मात्र भएको भए सातै देशका सेना प्रमुखलाई बोलाएर दुई दिने अनौपचारिक सम्मेलन गरिने थिएन ।

पुणेमा सैन्य अभ्यासका अन्तिम दुई दिन सातै देशका सेना प्रमुख सामेल हुँदैछन् । भारतले आतंकवादको परिभाषामा पाकिस्तानसँगको सम्बन्धलाई मात्र लक्षित गर्ने गरेको छ । सार्कको पछिल्लो अवस्थापछि उसले क्षेत्रीय रुपमा पाकिस्तानलाई अलग्याउन चाहेको छ । बिमस्टेक शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले बिमस्टेक सार्कको विकल्प नभएको भने । तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सम्बोधनमा सार्कको उच्चारण समेत गरेनन् । यसबाट थाहा लाग्छ कि भारतले चाहेको छ सार्क प्यारालाईसिस अवस्थामै रहोस् । चीन र पाकिस्तानबिनाको क्षेत्रीय संगठन बिमस्टेकमा भारतको रुचि र सक्रियता क्षेत्रीय हैकमवादको मनसुवा नै हो । पाकिस्तान सार्क सदस्य देश हो भने चीन पर्यवेक्षक । चीनले सार्कमा भूमिका खोजेपछि भारतले बिमस्टेकलाई उछालिरहेको छ । ओली सरकारले पहिलो प्राथमिकतामा राखेको सन्तुलित विदेश नीतिको मान्यता बिमस्टेक सैन्य अभ्यासले खण्डित गर्दैछ ।

भारतीय नेतृत्वमा हुने सैन्य अभ्यासमा भाग लिने निर्णय गर्नुले ओली सरकार असंलग्न र तटस्थ परराष्ट्र नीतिमा चुकेको छ । दीर्घकालीन रुपले देशको रणनीतिक हितमा प्रभाव पार्न सक्ने निर्णय गर्दा सरकारले विचार पुर्‍याउनुपर्ने हो । बिमस्टेक सैन्य अभ्यासमा नेपालको सहभागिताले चीन र पाकिस्तानसँगको कूटनीतिक सम्बन्धमा दरार उत्पन्न गराउनेतर्फ नजरअन्दाज गर्न सकिन्न । चीनसँग नेपालले सैन्य अभ्यास गर्दैछ । यसलाई भारतले नेपालमा चिनियाँ प्रभावको रुपमा विश्लेषण गर्दै आएको छ । चीनसँगको सैन्य अभ्यासको पूर्वसन्ध्यामा भारतको नेतृत्वमा हुने बिमस्टेक सैन्य अभ्यासमा नेपालले भाग लिनुलाई चीनले कसरी बुझ्छ ? लोकतन्त्रको अभ्यास समेत नगरेका थाइल्यान्ड र म्यान्मार अनि भ्रष्टाचारले थिलथिलो भएको बंगलादेशसहितको बिमस्टेकमा नेपालको उत्साहले आन्तरिक र बाह्य राजनीतिमा कस्तो सन्देश दिन्छ ? इन्डोनेसियाको सुमात्रा द्विपको उत्तरी छेउ श्रीलंकाको दक्षिणी जल क्षेत्रदेखि मलाया प्रायद्वीप हुँदै थाइल्यान्ड, म्यान्मार, बंगलादेश र भारतबीचको झन्डै २२ लाख वर्गकिलोमिटर क्षेत्रको बंगालको खाडी अमेरिका, चीन र भारतको नयाँ रणनीतिक केन्द्र बनिरहेको छ । यस्तो बेलामा नेपाल भारतको पक्षमा खडा भएको बिमस्टेक सैन्य अभ्यासको सहभागिताले घामजस्तै छर्लंग्याउँछ । नेपाल भ्रमणमा आउँदा मोदी भारतीय सैन्य कमान्डो बिना अनुमति आउने नेपालको रेकी गर्ने अनि आफ्नो नेतृत्वको बिमस्टेक सैन्य अभ्यासमा नेपाललाई सहभागी गराउने परिघटनाले नेपालको परराष्ट्र र सुरक्षाको चाबी दिल्लीसँग रहेको अन्तर्राष्ट्रिय सन्देश प्रवाहित हुँदैछ । एक सार्वभौम स्वतन्त्र मुलुक नेपालका लागि यो लज्जाको विषय हो ।

## ढकाल...



दिनेश खातीको उपस्थितिमा प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले रु ५०००० को चेक प्रदान गर्नु भएको थियो । यस अघि प्रतिष्ठानले भक्तपुरका २० जना सुविधाविहिन बालबालिकाहरुलाई १८०००० को छात्रवृत्ति प्रदान गरेको थियो । फोस्रा नारामा नभै विकाशमा आधारित राजनीतिलाई अघि बढाउने उद्देश्यले नेकपा मालेको जिल्ला कमिटी भक्तपुरको सिफारिसमा सापटी दिने कार्य गरेको हुँदा यसले भक्तपुरका नेकपा मालेको संगठन विस्तारमा सघाउने आशा गरिएको छ । विना घितो र विना ब्याज दिइएको यस सापटी महिनाको १५०० रुपैयाको दरले ३ वर्षभित्र फिर्ता गर्नुपर्ने छ । त्यसै गरी सुरेन्द्र ढकाल प्रतिष्ठानले नगरकोट आधारभूत विद्यालयको शिशु कक्षा सजाइ त्यहाँ आवश्यक खैलौनाको जोहो गर्न भनी विद्यालयलाई रु २५००० हजारको सहयोग गरेको छ ।

## प्रदेश ७...

प्रस्तुत हुने ओलीको राष्ट्रवाद लम्पसारवादमा पतन भएको छ भन्दै अब नेकपा माले देशको निर्विकल्प शक्ति हुने बताउनुभयो ।

प्रशिक्षण दिँदै प्रशिक्षक अर्यालले समय बित्दै जाँदा आफूलाई कम्युनिष्ट भन्नेहरुको मुकुण्डो उत्रँदै जाने र जनमानसबीच नेकपा माले नै सही रुपमा कम्युनिस्ट रहेछ भन्ने प्रमाणित हुने र यस संकल्प अभियानमार्फत माले पुनः राष्ट्रिय राजनीतिक शक्तिको रुपमा पुनःस्थापित हुने ठोकुवा गर्नुभयो । नवप्रवेशी मोतीलाल विकले चुनावताका तत्कालिन नेकपा माले र माके गठबन्धनले जुन सपना जनतामा बाँडेका थिए, त्यो झूटको खेती रहेछ भन्ने आफूहरुलाई लागेको हुँदा आफूहरुले नेकपा परित्याग गर्नुपरेको बताउनुभयो । प्रशिक्षणपश्चात् उक्त भेलाले प्रदेश इन्चार्ज सुरेन्द्र ढकाल तथा सचिव परेक रावलको नेतृत्वमा दिलबहादुर विष्ट, तिलक श्रेष्ठ, मोतिलाल विक, डिल्लीप्रसाद जैसी, कृष्ण रावल र सुमित्रा विकसहित प्रदेश नं ७ को सबै जिल्लालाई क्रमशः समेट्ने गरी नेकपा मालेको प्रदेश कमिटी पुनर्गठन गर्‍यो । कार्यक्रमकै क्रममा इन्चार्ज कमरेड ढकालले समसामयिक राजनीति र नेकपा मालेको संकल्प अभियानको उद्देश्यबारे स्थानीय कैलाली एफएमलाई ३० मिनेट लामो अन्तर्वार्ता दिनुभएको थियो ।

त्यसैगरी आइतबार भाद्र १७ गते कैलाली जिल्ला चुनाव क्षेत्र नं ३ का नेकपा मालेका कार्यकर्ताहरुका लागि अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम संचालन भयो । उक्त कार्यक्रमको अगुवाइ इन्चार्ज कमरेड ढकाल, प्रशिक्षक कमरेड अर्याल तथा प्रदेश सचिव कमरेड रावलको अगुवाइमा भएको थियो । ६० जनाभन्दा बढी स्थानीय कार्यकर्ताहरुको उत्साहपूर्ण सहभागिता रहेको उक्त कार्यक्रमपश्चात आगामी स्थानीय निकाय, प्रदेश र संघीय संसद निर्वाचनलाई मध्यनजर राख्दै सामाजिक विकासमा आधारित राजनीतिलाई प्रवर्द्धन गरी उक्त क्षेत्रमा नेकपा मालेलाई स्थापित गर्ने उद्देश्य र प्रतिबद्धतासहित प्रदेश सदस्य मोतिलाल विक सचिव रहनुभएको चुनाव क्षेत्रीय कमिटी पनि गठन गर्‍यो । उक्त चुनाव क्षेत्रीय कमिटीको अन्य सदस्यहरुमा प्रकाश घर्ती, बलबहादुर विक, हर्कबहादुर विष्ट, लक्ष्मी जोसी, पदमसिंह कठायत, तिलक बुद्ध, भीमबहादुर रोक्का तथा इन्द्रादेवी कठायत रहनुभएको छ । कमिटी गठनपश्चात सबै महिला कमरेड तथा अन्य सहभागी कमरेडहरुलाई कृष्णाष्टमीको अवसरमा फलाहार वितरण गरिएको थियो । उक्त कार्यक्रमपश्चात सबै सहभागीहरु सुखड बजार चोकमा पुगी कोण सभामा सहभागी हुनुभयो । कोणसभालाई इन्चार्ज कमरेड ढकाल, प्रदेश सचिव कमरेड रावल तथा ३ नं निर्वाचन क्षेत्रका सचिव कमरेड मोतिलाल विकले सम्बोधन गर्नुभएको थियो । उक्त अवसरमा सुखड बजारभरी र त्यहाँ भएर आउने जाने भाडाका सवारी साधनहरुमा रहेका यात्रुहरुलाई नेकपा मालेको पर्चा व्यापक रुपमा वितरण गरिएको थियो ।















